United Nations
Educational, Scientific and
Cultural Organization

Japan
Funds-in-Trust

# समावेशी शिक्षक शिक्षाको प्रवर्धन

# परिचय

१

पैरवी गाइड

समावेशी शिक्षक शिक्षाको प्रवर्धन

# परिचय

१

इयान कप्लान र इन्ग्रीड लेविस

**प्रकाशक :**

युनेस्को बैंकक
शिक्षाका लागि एसिया तथा प्रशान्त क्षेत्रीय ब्यूरो
ममलुआङ पिन मलाकुल सेन्टेनरी भवन
९२० सुखुम्वित सडक, प्रकानोङ, क्लोङटोई
बैंकक १०११०, थाइलैन्ड

© युनेस्को २०१३

सर्वाधिकार सुरक्षित
ISBN 978-92-9223-437-9 (मुद्रण)
ISBN 978-92-9223-438-6 (इलेक्ट्रोनिक)

यस प्रकाशनका कुनै पनि सामग्रीका प्रस्तुतिहरुमा कुनै देशको कानुनी अवस्था या कानुनसँग सम्बन्धित सवालमा युनेस्कोको आफ्नो मनसाय रहेको छैन । त्यस्तै गरी कुनै देशको, खास सहर वा भौगोलिक क्षेत्रको सीमानासँग सम्बन्धित कुराहरुका बारेमा युनेस्कोले टिप्पणी गर्ने मनसायबाट पनि यी सामग्रीहरुमा कुनै पनि खालको प्रस्तुति गर्न खोजिएको छैन ।

यस पुस्तिकामा उल्लेखित तथ्यहरुको छनोट र प्रस्तुतीकरणका लागि लेखकहरु जिम्मेवार छन् । त्यसै गरी यहाँ अभिव्यक्त भएका विचारहरुका सम्बन्धमा पनि उनीहरु जिम्मेवार छन्, जो युनेस्कोका आधिकारिक धारणा नहुन सक्छन् र ती कुरामा यस संस्थाको वचनबद्धता (commitment) रहँदैन ।

सूचनाको व्यापक प्रचार-प्रसारका लागि युनेस्को बैंकक प्रतिबद्ध छ र त्यस उद्देश्यमा रहेर यो पुस्तिका वा अन्य प्रकाशित सामग्रीहरुको पुनर्मुद्रण, पुनःप्रकाशन वा अनुकूलन (adaptation), अथवा अनुवादका लागि गरिने सोधपूछलाई सदैव स्वागत गरिन्छ । यसबारेमा विस्तृत जानकारी लिन ष्फादनप२गलभकअयायचन मा सम्पर्क राख्न सक्नु हुनेछ ।

प्रतिलिपि सम्पादक (copy-editor) : स्याण्डी ब्यारोन
डिजाइन - ले आउट : वारेन फिल्ड
थाइलैंण्डमा मुद्रित
APL/13/013-500

# भूमिका

समावेशी शिक्षा वास्तवमा सम्पूर्ण सिकारु (विद्यार्थी) हरुको सिकाइमा सहभागिता वृद्धि गरेर उनीहरुका विभिन्न प्रकारका आवश्यकताहरुलाई सम्बोधन गर्दै सिकाउने एउटा प्रक्रिया हो । यसमा उनीहरुका सिकाइ अनुभवहरु र सिकाइ उपलब्धिहरुको सबलीकरण गर्ने प्रक्रिया सँगसँगै चल्दछ र शिक्षामा हुने बहिस्करण (exclusion) लाई यसमा घटाइन्छ । समावेशी शिक्षाका लागि काम गरिरहँदा “सबैका लागि शिक्षा” (Education for All) को साझा दूर दृष्टिबाट निर्देशित भएर शिक्षण सिकाइका विषयवस्तु, अवधारणाहरु (approaches), शैक्षिक प्रक्रिया, संरचना तथा रणनीतिहरुमा महत्वपूर्ण परिवर्तन तथा सुधार गर्नुपर्ने खाँचो पर्दछ । यस प्रक्रियामा शिक्षकहरुले भूमिका खेल्नुपर्ने आवश्यकता अपरिहार्य छ ।

पूर्वसेवाकालीन (pre-service) शिक्षक शिक्षाले भविष्यका शिक्षकहरुलाई आवश्यक पर्ने ज्ञान, क्षमता र मूल्यहरु (values) प्रदान गर्नै पर्दछ, जसबाट उनीहरु आफ्नो कार्यथलोमा समावेशी सिकाइ वातावरणको निर्माण र विकास गर्न सकून् । तथापि हालसालै युनेस्कोको शिक्षाका लागि एसिया-प्रशान्त क्षेत्रीय ब्यूरो (युनेस्को बैंकक) द्वारा नेतृत्व गरिएको एक अध्ययनले निकालेको निष्कर्षअनुसार यस क्षेत्रका देशहरुमा हुने पूर्वसेवाकालीन शिक्षक शिक्षा कार्यक्रमहरुको पुनरावलोकन (review) गरी निकालिएको निष्कर्षअनुसार यस क्षेत्रका धेरै देशहरुमा सञ्चालन हुने पूर्वसेवाकालीन शिक्षक शिक्षाले आफ्ना स्नातकहरुलाई विद्यार्थीका विभिन्नताहरुको प्रभावकारी सम्बोधन गर्नसक्ने बनाउनका लागि धेरै कुराहरु गर्न अझै बाँकी छ ।

यस पृष्ठभूमिमा “समावेशी शिक्षक शिक्षाको प्रवर्धन : पैरवी निर्देशिका” शीर्षकको यो प्रकाशनलाई युनेस्को बैंककले बाहिर ल्याएको छ । यसअन्तर्गत पाँचवटा पुस्तिकाहरु छन् : परिचय, नीति, पाठ्यक्रम, सामग्रीहरु र विधि । शिक्षक शिक्षालाई बढीभन्दा बढी समावेशी बनाउनका लागि पूर्वसेवाकालीन शिक्षक शिक्षामा परिवर्तन र सुधार गर्नतर्फ पैरवी (advocacy) गर्न चाहने जोसुकैलाई पनि सहयोग पुगोस् भन्ने मनसायले यी सामग्रीहरु प्रस्तुत गरिएको छ । यी पुस्तिकाहरु हु-बहु लागु गर्ने निर्देशिका चाहिं होइनन् । बरु यिनले पैरवीकर्ताहरु ९बमखयअबतभक० लाई केही उपायहरु अवस्य सुझाउँछन् – जसलाई आफ्नो विशिष्ट परिस्थिति र आवश्यकताअनुसार समायोजन गरी लागु गर्न सकिन्छ ।

यी सामग्रीहरुको प्रकाशनबाट एसिया-प्रशान्त क्षेत्रको शिक्षक शिक्षालाई सुधार गर्न र सबल तुल्याउन मद्दत पुग्छ भन्ने मैले आशा लिएको छु – जसबाट बढी समावेशी र गुणस्तरीय शिक्षा प्रणालीको विकास गर्न सकियोस् ।

ग्वाङ-जो किम
निर्देशक
युनेस्को बैंकक

# कृतज्ञता

"समावेशी शिक्षक शिक्षाको प्रवर्धन : पैरवी निर्देशिका" को प्रकाशन वास्तवमा एउटा सामुहिक प्रयासको उपज हो । यस प्रयासमा योगदान पुऱ्याउने सम्पूर्ण व्यक्तिहरुलाई युनेस्को बैंकक धन्यवाद ज्ञापन गर्दछ ।

प्रस्तुत प्रकाशित सेटअन्तर्गतका ५ वटा पैरवी निर्देशिकाहरुका लेखक ईन्याबलिङ एजुकेसन नेटवर्क (EENET) CIC का ईयान कप्लान र ईन्ग्रिड लेविसलाई यस कामका लागि विशेष कृतज्ञता व्यक्त गरिन्छ । ईयान र इन्ग्रिडले EENET CIC का माध्यमबाट मात्र होइन त्यसबाहिरबाट पनि समावेशी शिक्षाको सिद्धान्त र प्रयोगका सम्बन्धमा आफ्नो ज्ञान र विशेषज्ञतालाई बहुतै खुल्ला हृदयले प्रचारमा ल्याउनुभएको छ† र यी पैरवी निर्देशिकाहरु (Advocacy guide) को विकास गर्ने क्रममा हामी उहाँहरुबाट साँच्चिकै लाभान्वित भएका छौं ।

त्यसै गरी बंगलादेश, कम्बोडिया, चीन, लाओ पिडि आर (Lao PDR), मंगोलिया, नेपाल, थाइल्यान्ड र भियतनाम देशका अनुसन्धान टोलीमा रहेका व्यक्तिहरु पनि धन्यवादका पात्र हुनुहुन्छ – जो २००८–२००९ मा सम्पन्न पूर्वसेवाकालीन शिक्षक शिक्षा प्रणालीहरुको गहन समीक्षा र अवस्था विश्लेषण (situation analysis) कार्यमा संलग्न हुनुभयो र २०१०–२०११ मा भएको पुनरावलोकन (follow up review) मा पनि काम गर्नुभयो अनि आ-आफ्नो देशका तर्फबाट प्रतिवेदन (country report) तयार पार्नुभयो । ती प्रतिवेदनहरुका आधारमा नै यी पैरवी निर्देशिकाहरु तयार गरिएको हो । त्यसै गरी २०१२ जुलाइमा बैंककमा सम्पन्न "गुणस्तरीय शिक्षक शिक्षाका माध्यमबाट एसिया-प्रशान्त क्षेत्रमा समावेशी शिक्षा" विषयक युनेस्कोद्वारा आयोजित विज्ञहरुको बैठकका सहभागीहरुप्रति पनि हामी आभारी छौं । उहाँहरुको अमूल्य सल्लाह तथा सुझावबाट यी निर्देशिका पुस्तिकाहरुलाई यस रुपमा ल्याउन महत्वपूर्ण सहयोग प्राप्त भएको छ ।

समावेशी शिक्षाको क्षेत्रमा काम गरेका धेरै विशेषज्ञहरुले आफ्नो महत्वपूर्ण समय दिएर पैरवी निर्देशिका पुस्तिकाहरुमा प्रतिक्रिया तथा राय-सुझाव प्रदान गर्नुभएको छ । यसरी प्राप्त प्रत्येक राय-सुझाव र प्रतिक्रियाहरु यी निर्देशिकाहरुलाई स्तर सम्पन्न बनाउनका लागि सहायक सिद्ध भएका छन् । उहाँहरुले दिनुभएको समय, दक्षता र यस कार्यमा देखाउनुभएको उत्साहका लागि युनेस्को बैंकक हार्दिक आभार व्यक्त गर्दछ । यी व्यक्तिहरु हुनुहुन्छ : विशेष आवश्यकता शिक्षाको विकासका लागि युरोपेली नियोग (European Agency for Development in Special Needs Education) का सेल्डन सेफर, अमन्डा वाट्किन्स् र भेरिटि डोन्ली । त्यसै गरी समर ईन्स्टिच्युट अफ् लिङग्विस्टिक्स् (Summer Institute of Linguistics) का क्याथरिन योङ र किर्क पर्सन अनि वर्ल्ड अफ ईन्क्लुजन (World of Inclusion) का रिचार्ड राईजर† युनिसेफ न्युयोर्कका स्टेफानेइ होज तथा कोन कयोन विश्वविद्यालयका पेन्नी नरोट पनि धन्यवादका पात्र हुनुहुन्छ ।

यसका अतिरिक्त युनेस्कोमा कार्यरत धेरै साथीहरुको सल्लाह-सुझाव एवम् प्रतिक्रियाका साथै महत्वपूर्ण सहयोगबाट पनि यी पैरवी निर्देशिकाहरुको स्तर वृद्धिमा सहयोग पुगेको छ । शिक्षाको अन्तर्राष्ट्रिय

ब्युरो (International Bureau of Education), युनेस्कोको मुख्यालयमा रहेको आधारभूत शिक्षा शाखा (Section for Basic Eduation) का साथै बेइजिङ, ढाका, हनोइ, काठमाडौं तथा नोम पेन् (Phnom Penh) मा रहेका युनेस्कोका अफिसहरुमा कार्यरत हाम्रा साथीहरुले यसका लागि ठूलो सहयोग गर्नुभएको छ । युनेस्को बैंककमा हाल कार्यरत र विगतमा काम गर्नुभएका साथीहरुको निरन्तर सहयोगबाट यो कार्य सम्पन्न भएको छ – जसबिना यो कार्य सम्भव हुने थिएन । उहाँहरुलाई पनि हामी सधैजस्तै गरी हृदयदेखि नै धन्यवाद टक्र्याउन चाहन्छौं ।

अन्तमा हामी “सबैका लागि शिक्षा तथा दिगो विकासका लागि शिक्षा गुणस्तरीय शिक्षक शिक्षालाई पुनःनिर्देशित गर्ने” (Reorienting Quality Teacher Education Towards Education for All and Education for Sustainable Development) परियोजनाको सञ्चालनका लागि आर्थिक सहयोग जुटाइदिएकामा जापानको शिक्षा, संस्कृति, खेलकूद, विज्ञान तथा प्रविधि मन्त्रालयलाई विशेष धन्यवाद दिन चाहन्छौं ।

एसिया-प्रशान्त क्षेत्रमा समावेशी शिक्षक शिक्षा सुनिश्चित गर्नका लागि यस कार्यले पुऱ्याउने फाइदाको लागि उहाँहरुले गर्नुभएको यो सहयोगको हामी विनम्रतापूर्वक खुल्ला दिलले सराहना गर्छौं ।

# विषय-सूची


पैरवी निर्देशिका कसका लागि ....................................................................................१

पैरवी निर्देशिकाको प्रयोग कसरी गर्ने ?............................................................................ ३

यी पैरवी निर्देशिकाहरूले के कुरा सम्बोधन गर्छन् ?...............................................................४

समावेशी शिक्षा भनेको के हो ? ...........................................................................................६

समावेशी शिक्षालाई पूर्वसेवाकालीन शिक्षक शिक्षाको मूल विषयवस्तु बनाउँदा हुने फाइदाहरू .... ९

पैरवी भनेको के हो ? .........................................................................................................११

पैरवीका प्रमुख सिद्धान्तहरू .................................................................................................१२

प्रभावकारी पैरवीका विशेषताहरू .........................................................................................१४

प्रत्यक्ष, अप्रत्यक्ष तथा क्षमता विकास सम्बन्धी पैरवी ...............................................................१५

खास परिस्थितिमा राम्ररी पैरवी गर्नका लागि कसलाई लगाइन्छ ? ............................... १६

पैरवीमा कसलाई विशेष लक्षित गरिन्छ ? ...............................................................................१८

पैरवी कसरी सुरु गर्ने ? .......................................................................................................२०

पैरवीको सन्देश (message) लाई कसरी प्रस्तुत गर्ने ? ........................................... २३

पैरवीले काम गरे नगरेको कसरी थाहा पाउने ? .......................................................२६

# पैरवी गाइड कसका लागि ?

## परिचय

"समावेशी शिक्षक शिक्षाको प्रवर्धन" पाँचवटा पैरवी गाइडहरुको सँगालो/शृङ्खला हो । यी निर्देशिकाहरुले शिक्षक शिक्षाका विभिन्न पक्षहरुमा रहेका समावेशी शिक्षालाई बाधा पुऱ्याउने कुराहरु र यस्तो शिक्षा (समावेशी शिक्षा) का चुनौतीहरुबारे छलफल गर्दछन् र बढीभन्दा बढी समावेशी शिक्षाको अभ्यासलाई प्रोत्साहित गर्ने दिशामा अपनाउनुपर्ने रणनीतिहरु तथा समाधानका उपायहरुबारे मार्गदर्शन पनि गर्दछन् ।

यस परिचयात्मक निर्देशिकाबाट यो शृङ्खला (series) सुरु हुन्छ । यसले समावेशी शिक्षक शिक्षा बारे छोटकरीमा समग्र जानकारी प्रदान गर्दछ, र यस परिस्थितिमा पैरवी भन्नाले के बुझिन्छ भन्ने कुरालाई प्रस्ट पार्दछ । यसले अन्य चारवटा निर्देशिकाहरुमा रहेका विषय-शीर्षकको पनि परिचय दिन्छ । ती हुन् –'नीति', 'पाठ्यक्रम', 'सामग्री', तथा 'विधि' (methodology) ।

## पैरवी गाइड कसका लागि ?

यी पैरवी निर्देशिकाहरु पूर्वसेवाकालीन शिक्षक शिक्षालाई सुधार गरी बढी समावेशी बनाउन चाहने र त्यसको पक्षपोषणका लागि काम गर्ने सबैलाई उपयोगी छन् । यस्ता पैरवीकर्ताहरुमा निम्नलिखित व्यक्तिहरु पर्न सक्छन् :-

- **नीति निर्माताहरू :-** जो शिक्षक शिक्षामा सुधारका लागि सरकारी क्षेत्रलाई प्रेरित गर्न र सहयोग पुऱ्याउन पैरवी गरिरहेका हुन सक्छन् अथवा शिक्षक शिक्षा प्रदायक संस्थाहरुलाई नयाँ-नयाँ सोचाइहरुको अवलम्बन गर्न, आफूले गरिरहेका काम कारबाहीमा सुधार गर्न वा नयाँ नीतिहरुको कार्यान्वयन गर्नका निमित्त नीति निर्माताहरुलाई प्रेरित गर्न विभिन्न किसिमले पैरवी गरिरहेका हुन सक्छन् ।
- **शिक्षक शिक्षा प्रदायक संस्थाका प्रमुखहरू :-** जो शिक्षक शिक्षामा नीतिगत परिवर्तन गराउनका लागि सरकारसँग पैरवी गरिरहेका हुन सक्छन् अथवा संस्थाभित्र चालु रहेका शिक्षक शिक्षाको प्रचलनमा सुधारका लागि सहयोगको माग गरिरहेका हुन सक्छन् । त्यसै गरी, यिनीहरु आफ्ना मातहत रहेका शिक्षक प्रशिक्षकहरु (teacher educators) लाई शिक्षक शिक्षा प्रणालीमा परिवर्तन ल्याउने अभिप्रायले काम गर्न "आन्तरिक पैरवी" का लागि प्रोत्साहित गरिरहेका हुन सक्छन् ।
- **शिक्षकका प्रशिक्षकहरू** (teacher educators) :- जो आफ्ना शिक्षक शिक्षा प्रदायक संस्थाका निर्देशकहरु (अथवा सहकर्मीहरु) लाई परिवर्तनको आवश्यकता बारे सम्झाउन-बुझाउन चाहिरहेका हुन सक्छन् । यसमा त्यस्ता व्यक्तिहरु (शिक्षक प्रशिक्षक) पनि पर्दछन् जो सरकारको नीति निर्माणका तहमा शिक्षक शिक्षाबारे परिवर्तन ल्याउनका लागि हुने छलफलमा भाग लिन चाहन्छन् ।

- **अन्तर्राष्ट्रिय गैर सरकारी संस्था वा नियोगका कर्मचारी :-** जो शिक्षक शिक्षामा सुधार ल्याउनका लागि सरकारसँग प्रत्यक्ष सहकार्य गर्न चाहेका हुन सक्छन्, अथवा उनीहरु अन्य सरोकारवालाहरुलाई परिवर्तन ल्याउनका लागि सहयोग पुऱ्याउन चाहिरहेका हुन सक्छन् ।
- **शिक्षकहरू र छात्र शिक्षकहरू :-** जो आफू र आफ्ना सहकर्मी (समकालीन तथा भविष्यका) ले प्राप्त गर्ने शिक्षक शिक्षा (पूर्व सेवाकालिन) मा सुधार गरियोस् भन्ने चाहना राखिरहेका हुन सक्छन् – जुन परिवर्तनबाट कक्षामा पढ्ने बालबालिकाहरु वीचको विभिन्नता अझ बिकराल बनिरहेको परिस्थितिमा आफूहरुले त्यसलाई राम्ररी सामना गर्न सक्ने अवस्था सिर्जना हुन सकोस् ।
- **विद्यार्थीहरू र तिनको समुदाय :-** जो आफूहरुले लिने शिक्षाको तौर-तरिकामा सुधार होस् भन्ने चाहन्छन्† र त्यसका लागि शिक्षक शिक्षाले मद्दत पुऱ्याउने सम्भावना रहन्छ ।

# पैरवी निर्देशिकाको प्रयोग कसरी गर्ने ?

पैरवी निर्देशिकाका रुपमा निकालिएका यी सामग्रीहरुलाई निर्देशनात्मक रुपमा हु-बहु लागु गर्नुपर्छ भन्ने छैन; बरु यसमा उपायहरुबारे मार्गदर्शन गर्ने अभिप्राय राखिएको छ । यी सामग्रीहरु प्रयोग गरी पैरवी गर्न चाहने सबै पैरवीकर्ताहरुले आ-आफ्नो विशिष्ट परिस्थिति र आवश्यकताको मूल्याङ्कन गरेर यी सामग्रीहरुमा रहेका सन्देशहरु, लक्ष्यहरु र उपायहरुलाई आवश्यक समायोजन गर्दै लागु गर्नुपर्ने हुन्छ ।

प्रत्येक पैरवी निर्देशिकाले यसका पाठकलाई आफ्नो परिवेश/परिस्थितिबारे विचार गर्नुपर्ने कुराहरु के-के हुन् भन्ने कुराको सङ्केत गर्दछ । साथै जबजब पैरवी गर्ने प्रक्रियामा महत्वपूर्ण निर्णय गर्नुपर्ने हुन्छ, त्यसबेला के कस्ता कुराहरुमा अन्य सरोकारवालाहरुसँग सम्पर्क/छलफल गरी राय - सुझाव लिनुपर्ने हुन्छ भन्नेबारे पनि यी पैरवी निर्देशिकाहरुले सङ्केत गर्दछन् ।

# यी पैरवी निर्देशिकाहरूले के कुराहरू सम्बोधन गर्छन् ?

यस प्रकाशनअन्तर्गत पाँचवटा पैरवी निर्देशिका पुस्तिकाहरु रहेका छन् जो विभिन्न शीर्षकहरुमा रहेका छन् । यिनीहरु तल उल्लेखित छन् :

- **पैरवी निर्देशिका १ : "परिचय" :-** यस छोटो पुस्तिकामा समावेशी शिक्षा के हो भन्ने बारेमा छोटकरीमा चिनारी गराइन्छ । तथापि पाठकहरुले समावेशी शिक्षाको परिचय बुझ्नका लागि यही मात्र सामग्री पर्याप्त छ भन्ने चाहिं ठान्नु हुँदैन । सामान्यतः यो ठानिन्छ कि समावेशी शिक्षाका बारेमा पैरवीकर्ताहरुलाई केही कुरा (छोटकरी वा विस्तृत) अवस्य थाहा छ; अथवा यसबारे बढी जानकारी लिनका लागि उनीहरु अझ विस्तृत कुरा बुझाउने सामग्रीहरु खोजेर पढ्न सक्दछन् । पूर्वसेवाकालीन शिक्षक शिक्षाको अवधिभर समावेशी शिक्षाबारे सचेतना र बुझाइलाई एकैसाथ लैजानाले हुने फाइदाहरुका बारेमा यस निर्देशिकाले प्रकाश पार्दछ । यसप्रकार पैरवीका निमित्त यो पुस्तिका एउटा व्यावहारिक परिचयात्मक मार्गदर्शन साबित हुने छ ।
  अरु चारवटा पैरवी निर्देशिकाहरुले पूर्वसेवाकालीन शिक्षक शिक्षाका चारवटा प्रमुख क्षेत्रहरुमा परिवर्तन ल्याउनका लागि पाठकको ध्यानाकर्षण गराउँछन् ।
- **पैरवी निर्देशिका २ : नीति :-** यो गाइड पुस्तिकाले समावेशी शिक्षाका सम्बन्धमा प्रचलित नीतिबारे सचेतना विकास गर्न सहयोग पुऱ्याउँछ; र त्यसमार्फत शिक्षा प्रणालीका विभिन्न तहहरुमा नीतिगत परिवर्तन तथा समायोजन गर्न पनि अभिप्रेरित गर्छ (जस्तो कि : मन्त्रालय तहमा, शिक्षक शिक्षा प्रदायक संस्थामा, र विद्यालय तहमा) । "नीति" भन्नाले मुख्य गरी राष्ट्रिय स्तरमा र शिक्षक शिक्षा प्रदायक संस्थाहरुमा रहेका शिक्षासँग सम्बन्धित निर्देशनात्मक नियम - कानून र आधिकारिक मान्यताहरुलाई बुझाउँदछ । नीतिहरुले व्यक्ति र समूहका साथै संस्थाहरुका समावेशी शिक्षासम्बन्धी सवालसँग सम्बन्धित व्यवहार-प्रचलनहरुलाई प्रभावित र मार्गनिर्देश गर्दछन् ।
- **पैरवी निर्देशिका ३ : पाठ्यक्रम :-** शिक्षक शिक्षामार्फत प्रदान गरिने सिकाइ अनुभवहरुको समग्र सङ्गठन र क्रमिकता (organization and sequencing) मा परिवर्तन ल्याउने कुरा यसअन्तर्गत पर्दछ ।

  "पाठ्यक्रम" ले पूर्वसेवाकालीन शिक्षक शिक्षा प्रदायक संस्थाहरुले लागु गरिआएको समग्र अध्ययन पाठ्यसामग्री तथा कार्यक्रम (course of study) भन्ने बुझाउँछ । कुनै पनि पाठ्यक्रम भनेको निर्धारित सिकाइ उपलब्धि वा प्राप्ति (outcome) लाई हासिल गर्ने उद्देश्यका लागि आवश्यकपर्ने सिकाइ अनुभवहरु (learning experiences) लाई सङ्गठित र क्रमबद्ध गर्ने माध्यम हो । यसले के सिक्नुपर्ने हो भन्ने कुरा किटान गर्नुका साथै किन सिक्ने र कसरी सिकाइलाई सहजीकरण (facilitation) गर्ने भन्ने बारेमा पनि निर्देशन गर्दछ । पाठ्यक्रमले समाज, राजनीति र विद्यालय/शिक्षकहरुबिचको सम्बन्धलाई पनि प्रतिबिम्बित गर्छ । तसर्थ, समावेशी पाठ्यक्रमहरुको विकास गर्ने कार्यमा न्यायपूर्ण,

विभेदरहित समाजज्ञ विकास गर्ने लक्ष्य पनि अन्तरनिहित रहन्छ । यस्तो लक्ष्य प्राप्त गर्ने एउटा महत्वपूर्ण तरिका हो - शिक्षक शिक्षाको माध्यमबाट शिक्षकहरुलाई दिइने तालिम वा शिक्षामा उपयुक्त शिक्षण - सिकाइ अनुभवहरुको राम्रो संयोजनमा विशेष ध्यान पुऱ्याउनु ।

- **पैरवी निर्देशिका ४ : सामग्री :-** शिक्षक शिक्षामा प्रयोग गरिने शिक्षण - सिकाइका सामग्रीहरु परिवर्तन गर्नुपर्ने कुरा यसअन्तर्गत पर्दछ ।

  "सामग्री" भन्नाले पूर्वसेवाकालीन शिक्षक शिक्षा प्रदायक संस्थाहरुमा प्रयोग गरिने स्रोत सामग्रीहरु (जस्तो कि पाठ्यपुस्तकहरु) भन्ने बुझ्नुपर्दछ । शिक्षक शिक्षामा धेरै थरिका सामग्रीहरुलाई प्रयोगमा ल्याइन्छ - जसअन्तर्गत शिक्षकका प्रशिक्षकहरुले शिक्षणको क्रममा प्रयोगमा ल्याएका सहयोगी सामग्रीहरु पनि पर्दछन्, र आफ्नो सिकाइको क्रममा छात्र - शिक्षकहरुले प्रयोग गरेका सामग्री पनि पर्दछन् ।

पैरवी निर्देशिका ५ : विधि (प्रक्रिया) :- यसमा शिक्षक शिक्षा प्रदायक संस्थाहरुमा प्रयुक्त शिक्षण विधिमा परिवर्तन ल्याउने कुरा पर्दछ ।

"विधि" शब्दले शिक्षण सिकाइको सिद्धान्त र प्रचलनलाई बुझाउँदछ । शिक्षण र सिकाइलाई कसरी बुझ्ने गरिन्छ, कसरी व्यवस्थित गरिन्छ र सञ्चालन के - कसरी हुन्छ भन्ने कुरालाई यसले प्रत्यक्ष रुपमा सम्बोधन गर्छ । यसप्रकार विधि भन्नाले शिक्षणको समग्र संरचना (ाचकभधयचप) हो जसभित्र विशेष शैक्षणिक विधिहरु ९भतजयमक० पर्दछन् । उदाहरणका लागि समग्रमा समावेशी शिक्षण विधिभित्र व्यक्तिगत शिक्षण र विद्यार्थी केन्द्रित शिक्षण पर्नसक्छ । यी ५ वटा पैरवी निर्देशिकाहरुलाई यस प्रकार व्यवस्थित गरिएको छ, जसबाट यिनले निम्न कुराहरु गर्दछन् :–

- कुनै सवाललाई विभिन्न चुनौतीहरुमा विभक्त गर्दछन् ।
- सम्बन्धित कार्य क्षेत्रको समग्र अवस्था बारे विस्तृत रुपमा विश्लेषण गर्दछन् र सम्बन्धित परिस्थिति विशेष बारे खोजतलास गर्नका लागि (सही तथ्य पत्ता लगाउनका लागि) पैरवीकर्ताहरुले उठाउनु पर्ने प्रश्नहरु के-के हुन सक्छन् भन्ने बारे बताउँछन् ।
- पैरवीका उद्देश्यहरु र पैरवीले दिने सन्देश बारे बताउँछन् – जो पैरवीकर्ताहरुले अन्य व्यक्तिहरुलाई सुनाउनुपर्ने हुन्छ† अनि सम्बन्धित सवालमा गरिएको पैरवी के कति प्रभावकारी हुन सक्यो-सकेन भनी निर्क्योल गर्ने संकेतसूचक ९ष्लमष्अबतयचक० का बारेमा पनि सुझाउदछन् ।
- प्रत्येक पैरवीको सन्देशहरु संक्षिप्तमा दिइएको छ र त्यहाँ उक्त सन्देशको सम्भावित लक्ष्य पनि सुझाइएको छ (कहाँ र कसलाई लक्षित गरिएको हो भन्ने सम्बन्धमा) । त्यसपछि पाठकका लागि केही रिक्त स्थान (खाली ठाउँ) राखिएको छ जहाँ पाठकले आफ्नो टिप्पणी लेख्न सक्छन् र त्यसमार्फत प्रत्येक लक्ष्य ९तबचनभत० का लागि कसरी उक्त सन्देश पुऱ्याउन सकिन्छ भनेर उल्लेख गर्न सक्छन् ।
- उदाहरणका लागि सम्भव भएसम्म मामला अध्ययनहरु ९अबकभ कतगमष्भक० पनि उपलब्ध गराइएको छ, र पाठकहरुलाई आ-आफ्नो परिवेशमा आफ्नै खोज-अनुसन्धान ९ष्लखभकतष्नबतष्यल० लाई प्रयोग गर्न पनि प्रोत्साहित गरिन्छ, जसबाट स्थानीय मामला वा घटना अध्ययन (अबकभ कतगमष्भक) गरियोस् र उनीहरुले दिन खोजेको पैरवीको सन्देशलाई पुष्टि गर्न यस्ता अबकभ कतगमष्भक बाट मद्दत मिलोस् ।

# समावेशी शिक्षा भनेको के हो ?

“समावेशी शिक्षा एक निरन्तर चलिरहने प्रक्रिया हो जो सबैका लागि गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यतर्फ परिलक्षित छ । यसले विद्यार्थी र समुदायहरुमा पाइने विभिन्नताको सम्मान गर्दछ र उनीहरुका फरक-फरक आवश्यकता, क्षमताहरु, विशेषताहरु र सिकाइका अलग-अलग अपेक्षाहरुलाई पनि सम्बोधन गर्छ । सबै खालका विभेदहरु शिक्षामा निर्मूल गर्नु यसको प्रमुख गन्तव्य हो ।” (नोभेम्वर २००८ मा जिनेभामा सम्पन्न शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको ४८ औँ सत्रबाट पारित निष्कर्ष र सुझाव)

समावेशी शिक्षा समग्र शिक्षा प्रणालीमा परिवर्तन ल्याउने विस्तृत प्रक्रिया हो - जसबाट विद्यार्थीहरुका विभिन्न आवश्यकताहरुको सम्बोधन गरिन्छ र ती आवश्यकताअनुसार शैक्षिक व्यवस्थापन गरिन्छ । विद्यार्थीहरुको सामाजिक, आर्थिक, सांस्कृतिक, भाषिक, शारीरिक वा अन्य परिस्थिति जेसुकै होस्, सबैका समस्यालाई सम्बोधन गर्ने प्रक्रिया यसमा चल्दछ ।

एक प्रक्रियाको रुपमा समावेशी शिक्षा : परिवर्तन र सुधारको गतिशील प्रक्रिया हो समावेशी शिक्षा - जसमार्फत शिक्षा प्रणाली, विद्यालयहरु, विद्यालय व्यवस्थापकहरु र शिक्षकहरुले बिना कुनै विभेद सबै बालबालिकाका शैक्षिक आवश्यकता सम्बोधन गर्दछन् । यो निरन्तर चल्ने प्रक्रिया हो - जो कुनै पूर्वनिर्धारित समयावधिभित्र निश्चित निर्देशनहरु पालना गर्दै खास कार्य गरेर लक्ष्यमा पुग्ने गरी बनेको शैक्षिक मोडल चाहिं होइन ।

## समावेशी शिक्षाले शैक्षिक व्यवस्थाका सबै पक्षलाई छुन्छ :

सबैका लागि शिक्षा पुऱ्याउनमा आइपरेका चुनौतीहरुलाई सम्वोधन गर्न र विद्यार्थीहरुका बिचमा पाइने विभिन्नताहरुलाई व्यवस्थापन गर्नका लागि समावेशी शिक्षाले शैक्षिक नीतिको तहमा† शैक्षिक प्रचलनमा र संस्कारमा परिवर्तनका लागि यी सबै कुराहरुमा पुनर्अभिमुखीकरण (re-orient) गर्दछ । यसले प्रत्येक बच्चाको शिक्षाको अधिकारलाई संरक्षण-प्रवर्धन गर्दछ । समावेशी शिक्षा विद्यालयपूर्वको शिक्षादेखि लिएर उच्च शिक्षासम्मका सबै खाले शिक्षाका नमुनाहरु (modalities) सँग सम्बन्धित हुन्छ । त्यसै गरी जीवनपर्यन्त सिकाइ वा प्रौढ शिक्षामा, अनौपचारिक शिक्षामा, प्राज्ञिक तथा व्यवसायिक सबै खाले शिक्षामा र अतिरिक्त क्रियाकलापहरुमा समेत यो लागु हुन्छ ।

समावेशी शिक्षाले बाधाहरु (barriers) लाई सम्वोधन गर्छ र प्रचलित सकारात्मक अभ्यास (प्रचलनहरु) मा आधारित भई काम गर्छ :- समावेशी शिक्षा प्रणालीभित्र विद्यार्थीलाई शिक्षा प्राप्त गर्न, सिकाइमा सहभागी हुन र शैक्षिक तथा सामाजिक दृष्टिले आफ्नो क्षमता वृद्धि गर्नमा के-के कुराले बाधा गरेका छन् ती कुराहरुको पहिचान गर्ने र तिनलाई सम्बोधन गर्ने निरन्तर प्रयास भइरहन्छ । त्यस्ता बाधक कुराहरु मानिसहरुको मनोवृत्तिमा, व्यवहार-प्रचलनमा, स्रोत-साधनमा, नीतिमा, संस्थागत संरचनामा, प्रशासनिक

प्रक्रियाहरुमा, भौतिक पूर्वाधार वा वातावरणमा रहन सक्दछन् । समग्रमा समावेशी चरित्रको सिकाइ वातावरण निर्माण गर्नका लागि गहन चिन्तन र प्रयोगहरु गर्ने संस्कारको पनि त्यत्तिकै आवश्यकता पर्दछ - यस्तो संस्कार जसमा केवल समस्याको तत्काल समाधानमा मात्र जोड दिने होइन कि बरु के कुराले राम्ररी काम गरिरहेको छ भन्ने कुरा चिन्ने र यसरी पहिचान भएका कुराहरुमा आधारित भएर नयाँ कामहरु गर्ने कुरा बढी महत्वपूर्ण हुन्छ । कुनै पनि विद्यालय वा सिकाइको ठाउँ (learning space) हाल भइरहेको भन्दा बढ्ता समावेशी हुन सक्छ र विद्यार्थीका आवश्यकताहरुप्रति अझ बढी जिम्मेवार बन्न सक्दछ भन्ने मान्यता जहिले पनि रहन्छ ।

**अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुले समावेशी शिक्षालाई सहयोग पुऱ्याएका छन् :-** भेदभावविहीनता र बराबर अवसरका मूल मान्यताहरु समावेशी शिक्षाको अवधारणामा अन्तरनिहित छन् । अन्तर्राष्ट्रिय स्तरमा धेरै खालका प्रतिबद्धताहरु व्यक्त भएका छन् जसले यी मूल मान्यताहरुलाई सम्बोधन गर्दछन् र समावेशी शिक्षा सम्बन्धमा पैरवीका लागि यिनको उपयोग गर्न सकिन्छ । जस्तो कि सहस्राब्दि विकास लक्ष्यहरु (Millennium Development Goals) र सबैका लागि शिक्षा (Education for All) । यी अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुलाई समावेशी शिक्षाभन्दा भिन्न वा पृथक छन् भनेर बुझ्नु हुदैन । यिनीहरुले समावेशी शिक्षाको अवधारणालाई प्रस्टै रुपमा सहयोग पुऱ्याएका छन्† र प्रत्येक सिकारु (विद्यार्थी) लाई शैक्षिक प्रणाली र प्रक्रियामा सक्रिय सहभागी बन्ने वातावरणको सिर्जना नगरीकन यी लक्ष्यहरु प्राप्त गर्न सम्भव हुँदैन ।

**समावेशी शिक्षाभित्र पहुँच, गुणस्तर, टिकाउपना (retention) पढाइ पुरा गर्ने अवस्था (completion) र शैक्षिक प्राप्ति (outcomes) पर्दछन् :-** शिक्षामा पहुँच पाउनु वा विद्यार्थी कुनै शैक्षिक संस्थामा भर्ना हुनु आफैंमा पर्याप्त होइन । हामीले सुनिश्चित गर्नुपर्छ कि बालबालिकाहरुले आफ्नो गुणस्तरीय प्राथमिक शिक्षा पूरा गरिसकून् र माध्यमिक (र उच्च) तहतर्फ उक्लन सकून् । यस्तो सुनिश्चितताका लागि हामीले बालबालिकाहरु किन आफ्नो शिक्षा पूरा गर्न असमर्थ हुन्छन् भन्ने कारण खोज्नु र तिनको सम्बोधन गर्नु जरुरी हुन्छ । यी कुराहरुका पछाडि अक्सर गरेर आर्थिक वा सामाजिक कारणहरु जोडिएका हुन्छन् – जस्तो कि विद्यालयको शिक्षा ज्यादै महँगो भएकोले गर्दा अभिभावकहरुले पढाइ खर्च पुऱ्याउन नसकेको हुनसक्छ । कति परिवारले आफ्नो घरको काममा केटाकेटीले सहायता गरुन् भनेर छोराछोरीलाई शिक्षा लिनबाट बञ्चित गराइरहेको हुन सक्छ । अथवा विवाह गराइदिइहाल्नु (राम्रो अवसर यही हो भनेर) पर्छ भनेर छोराछोरीको शिक्षा पूरा हुन नसकेको स्थिति हुन सक्छ ।

शिक्षा प्रणालीभित्र अन्य कुराहरु हुन सक्छन् जसले बालबालिकाहरुलाई विद्यालयबाहिर धकेलिरहेको हुन सक्छ वा उनीहरुलाई विद्यालयमा भर्ना र उपस्थिति गराउनमा यस्ता कुराले नकारात्मक प्रभाव पारिरहेको हुन सक्छ । यस्ता कुराहरु यी हुन सक्छन् :-

गुणस्तरहीन शिक्षण (जसको चरित्र हुन्छ - विद्यार्थी केन्द्रित शिक्षण विधि नअपनाई गरिएको शिक्षण) असान्दर्भिक, पूर्वाग्रही (biased) वा अप्राप्य (inaccessible) पाठ्यक्रम र पाठ्यसामग्री, अपाङ्गता, लिङ्गगत, जातिगत र भाषिक आधारमा सिर्जित भेदभाव र बहिस्करण, नरमाइलो लाग्ने विद्यालयको वातावरण, सङ्कुचित र विभेदपूर्ण प्रकारका मूल्याङ्कन, विद्यालयमा बच्चालाई समायोजन हुनका लागि घर र विद्यालयबिचको सङ्क्रमणकालीन रणनीतिहरु (transition strategies) र सहयोगको अभाव† त्यसै

गरी विभिन्न तहगत संक्रमणकालिन कार्यक्रमहरुको अभाव (जस्तो कि पूर्वप्राथमिक र प्राथमिक शिक्षाका बिचमा, प्राथमिक र माध्यमिक शिक्षाका बिचमा, माध्यमिक र उच्च शिक्षाका बिचमा आदि) । अनि विभिन्न खालका शैक्षिक कार्यक्रमहरुका बिचमा त्यस खालको सम्बन्ध र सङ्क्रमण व्यवस्थापनको अभाव पनि यसअन्तर्गत पर्दछ (जस्तै – औपचारिक र अनौपचारिक शिक्षाका बिचमा, साधारण शिक्षा प्रदायक विद्यालयहरु र व्यावसायिक तथा प्राविधिक तालिम प्रदायक शिक्षालयहरुका बिचमा, आदि) ।

समावेशी शिक्षाको अनुसरण गर्दा हामीले शिक्षकहरुलाई शिक्षा दिने र पेशागत सहयोग गर्ने हाम्रो तौर-तरिकामाथि पुनर्विचार गर्नुपर्ने हुन्छ :–

शिक्षालाई बढी समावेशी बनाउनमा शिक्षकहरुले महत्वपूर्ण भूमिका खेल्न सक्छन् – विद्यार्थीहरुप्रति त्यस अनुकूलको आफ्नो दृष्टिकोणमार्फत, उनीहरुले प्रयोग गर्ने सामग्री र अपनाउने शिक्षण विधिमार्फत विविधताको सम्बोधन गर्ने या विविधतालाई स्विकार्ने आफ्नो क्षमतामार्फत, अनि विद्यार्थीका चुनौती र विविधतायुक्त सिकाइ आवश्यकता परिपूर्ति गर्ने क्षमता आदि विकास गरेर । हाल प्रचलित शिक्षक शिक्षा परिपाटीमा धेरैजसो शिक्षण सिपलाई साँघुरो (सीमित) प्राविधिक सिपको सिकाइका रुपमा बुझ्ने र तदनुरुप लागु गर्ने चलन छ । तसर्थ, शिक्षक शिक्षाले विद्यालयका शिक्षकहरुलाई समावेशी बनाउनै पर्ने अपरिहार्य आवश्यकता छ । केवल समावेशी शिक्षाको सिद्धान्त रटाएर मात्र यो कुरा सम्भव हुदैन† बरु उनीहरुलाई व्यवहारिक रुपमा नै उनीहरुलाई समावेशी सीप-दक्षता युक्त बनाएर यो सम्भव हुन्छ । यस्तो दक्षताबाट उनीहरुले शिक्षाको पहुँचमा, सहभागितामा र सिकाइमा रहेका बाधाहरु पत्ता लगाउनु आवश्यक छ† उनीहरुले गहन चिन्तक (reflective) बन्नु जरुरी हुन्छ र विभेदीकरणलाई सक्रिय रुपमा चुनौती दिनसक्ने हुनुपर्छ । शिक्षकहरुलाई समावेशी शिक्षाका निमित्त प्रशिक्षित गर्नु भनेको उनीहरुको भूमिकालाई नयाँ ढंगले परिभाषित गर्नु हो अनि विशेष गरी छात्र शिक्षकहरुको मनोवृत्ति (attitude) र दक्षता (competency) सम्बन्धी पुरानो सोचाइलाई बदलेर नयाँ सोचाइको विकास गर्नु हो – जसबाट उनीहरुले अपनाउने शिक्षण विधिमा विविधता आउन सकोस्, शिक्षक तथा विद्यार्थीबिचको सम्बन्ध पुनःपरिभाषित गर्न सकियोस्† र शिक्षकहरुलाई पाठ्यक्रमका सह-निर्माताका रुपमा सशक्त बनाउन सकियोस् ।

समावेशी शिक्षाले सम्पूर्ण सरोकारवालाहरुको सक्रिय सहभागिता खोज्दछ :- समावेशी शिक्षाको विकास गर्नका लागि बालबालिका, अभिभावक, घर-परिवार, बालबालिकाको हेरचाह गर्ने व्यक्तिहरु, शिक्षकहरु, समुदायका सदस्यहरु, अल्पसंख्यक समुदायहरु, नागरिक समाज, सरकार वा सरकारी निकायका साथै निजी क्षेत्रका सरोकारवालाहरु सबैले भूमिका खेल्नुपर्ने हुन्छ । महत्वपूर्ण कुरा के छ भने शिक्षाका सम्बन्धमा उनीहरुको दृष्टिकोणबाट हेर्दा शिक्षक शिक्षाको विकास गर्ने प्रक्रियामा उनीहरुको भनाइलाई स्थान दिनुपर्दछ – जसबाट समावेशी शिक्षाको बारेमा शिक्षकहरु प्रशिक्षित हुन सकून् । शिक्षक शिक्षाका लागि अपनाउनु पर्ने नयाँ दिशा सम्बन्धमा सरोकारवाहरुसँग राय-सुझाव लिनुपर्दछ । शिक्षक शिक्षामा गरिने परिवर्तनका निमित्त आव्हान गर्ने या त्यससम्बन्धी अभियान चलाउने कार्यको नेतृत्व लिन समेत उनीहरुलाई मौका दिइनुपर्दछ† र उनीहरुलाई अभ्यासमा आधारित (practice based) शिक्षक शिक्षाका गतिविधिहरुमा संलग्न समेत गराउनुपर्दछ । उनीहरुका यस्ता संलग्नताहरुलाई सक्षम बनाउन सहयोग गर्ने नीतिगत ढाँचा (enabling policy framework) बनाई सो मार्फत प्रोत्साहित पनि गर्नुपर्दछ ता कि यी प्रयासहरु बढी सार्थक र प्रभावकारी हुन सकून् ।

# समावेशी शिक्षालाई पूर्वसेवाकालीन शिक्षक शिक्षाको मूल विषयवस्तु बनाउँदा हुने फाइदाहरू

आमरुपमा समावेशी शिक्षालाई धेरै खाले सामाजिक एवं राजनैतिक फाइदाका साथै आर्थिक फाइदा समेत पुऱ्याउने परिपाटीको रुपमा चिनिन्छ । यसबाट हुने फाइदाबाट बढीभन्दा बढी समावेशी, न्यायपूर्ण र मेलमिलापपूर्ण समाजको सिर्जना गर्न मद्दत पुग्दछ। यस्ता सम्भावित फाइदाहरुलाई बढीभन्दा बढी कामयावी बनाउन (वास्तविकतामा उतार्न) का लागि साना बालबालिकालाई दिइने शिक्षामा, प्रौढ व्यक्तिहरुलाई वा कम उमेरका विद्यार्थीहरुलाई दिइने शिक्षामा नै किन नहोस्, सबै खाले शिक्षामा समावेशिता र विद्यार्थी केन्द्रित शिक्षण शैली अपनाउनु आवश्यक हुन्छ ।

शिक्षकहरु लगायत शिक्षाका अन्य सरोकारवालाहरुका लागि समावेशी शिक्षा उपयोगिसिद्ध हुन्छ किनभने यसले सबैका लागि गुणस्तरीय शिक्षा भन्ने मान्यतालाई साकार पार्ने सबै खाले संकेत-सूचकहरुलाई सम्बोधन गर्दछ – जस्तो कि : उपस्थिति, सहभागिता र सिकाइ उपलब्धि । तसर्थ समावेशी शिक्षाबारे राम्ररी बुझ्न - थाहा पाउन अति जरुरी छ। यसलाई गहन रुपले मनन गर्नु जरुरी छ र पूर्वसेवाकालीन शिक्षक शिक्षा कार्यक्रममा यसलाई एकीकृत गरी लागु गर्नु आवश्यक छ । शिक्षकहरुलाई विद्यार्थीका विभिन्नताहरुलाई सहजता साथ स्वीकार गर्ने बनाउन, सबै विद्यार्थीका लागि उच्च स्तरको गुणस्तरीय शिक्षण कार्य गर्न सक्ने तुल्याउन र कक्षाकोठाभित्रका साथै विद्यालयमा र समाजमा भएका धेरै किसिमका सामाजिक र शैक्षिक चुनौतीहरुको सामना गर्ने बनाउनका लागि प्रारम्भिक शिक्षक शिक्षा (initial teacher education) मा ध्यान पुऱ्याउनै पर्दछ ।

समावेशी शिक्षाले सबैका लागि अर्थपूर्ण शिक्षण-सिकाइ गर्न-गराउन सामाजिक-साँस्कृतिक परिवेशमा रहेका विद्यार्थीहरुका विभिन्न खाले आवश्यकताहरुलाई सम्वोधन गर्नका लागि शिक्षकहरुको क्षमता विकास गर्दछ । साथै यसले शिक्षकहरुलाई विद्यार्थीहरु वीचको भिन्नतालाई राम्रोसँग सम्मान गर्छ र त्यसलाई यसले समाधान गर्नुपर्ने समस्या नठानीकन आफ्नो कक्षाको सबल पक्ष नै हो भनी मान्दछ । यसले शिक्षकहरुलाई पाठ्यक्रम र शिक्षण विधिहरुमा समायोजन गर्नका निमित्त सहयोग गर्छ र त्यस कार्यमा उनीहरुलाई सक्षम बनाउँदछ - ता कि यसका विषयवस्तुलाई परिस्थिति र विद्यार्थीका आवश्यकता अनुसार मिलाउन सकियोस् । त्यसका अलावा समावेशी शिक्षाले शिक्षकहरुमा आफ्नो कामबाट सन्तुष्टि प्राप्त गर्न र व्यवसायिकता (professionalism) को संस्कार विकास गर्नतर्फ पनि अग्रसर गराउँदछ, जसबाट शिक्षकहरुलाई उनीहरुले सेवा गरिरहेको समुदायले सम्मान गर्छ र उनीहरुको काम देखेर खुशी पनि हुन्छ । यस अर्थमा समावेशी शिक्षा जीवन पर्यन्त सिकाइ र विकास (lifelong learning and development) को एक निरन्तर प्रक्रिया हो ।

प्रचलित शिक्षा परम्परालाई हेर्ने हो भने समावेशी शिक्षामा पूर्व-सेवाकालिनभन्दा सेवाकालिन शिक्षक तालिमहरुमा बढ्ता महत्व दिइएको पाइन्छ । शिक्षक शिक्षा सम्बन्धी सामग्रीहरुका बारेमा तल उल्लेखित अनुसन्धानबाट प्राप्त निष्कर्षले यो कुरा बताउँदछ । –

“समावेशी शिक्षा सम्बन्धी प्रचुर मात्रामा प्रयोगमा आएका सामग्रीहरुले शिक्षकको सेवाकालिन शिक्षा/तालिममा सघाउ पुऱ्याएका छन् ----- पूर्व सेवाकालिन शिक्षक शिक्षामा चाहिं यस्ता सामग्रीहरुको स्थान कम छ, तर तिनको महत्व चाहिं ज्यादा छ ” (Booth and Dyssegard, २००८: ९) । २

समावेशी सिकाइ र काम-कारबाहीका लागि शिक्षकलाई महत्वपूर्ण अवसर सेवाकालीन शिक्षक शिक्षामार्फत प्राप्त हुन्छ । वास्तवमा समावेशी शिक्षालाई सेवाकालीन शिक्षक शिक्षाको केन्द्रविन्दु (focus) बनाउनुपर्छ, किनभने हाल कार्यरत धेरै शिक्षकहरुसँग समावेशी शिक्षाको कुनै अनुभव नै छैन ।

तथापि, समावेशी शिक्षालाई सेवाकालिन शिक्षक शिक्षा कार्यक्रममा सीमित नराखी यसलाई पूर्वसेवाकालीन कार्यक्रमहरुसम्म लैजान आवश्यक हुन्छ । व्यापक रुपमा यसरी पूर्वसेवाकालीन कार्यक्रममा यस विषयलाई लैजाँदा हुने केही महत्वपूर्ण फाइदाहरु निम्न बमोजिम छन् :–

- पूर्वसेवाकालीन र सेवाकालीन शिक्षक शिक्षाका बिचमा परिपूरक सम्बन्ध स्थापित गर्न र यस्तो सम्बन्धलाई सबल तुल्याउनका लागि समावेशी शिक्षालाई एउटा ढाँचा (framework) को रुपमा प्रयोग गर्न सकिन्छ । सेवापूर्व नै यस्तो शिक्षा दिइएमा राम्रो हुन्छ ।
- समावेशी शिक्षाका बारेमा शिक्षकहरुलाई उनीहरु सेवामा प्रवेश गर्नुअगाडि नै प्रशिक्षित गर्नु राम्रो हुन्छ किनभने सेवा प्रवेश गरिसकेपछि उनीहरुको सोचाइमा बसिसकेको बानि या मनोवृत्तिमा परिवर्तन ल्याउने कुरा त्यति सजिलो हुदैन । पूर्वसेवाकालीन शिक्षामा गरिएको यस्तो लगानी बढी किफायती (cost effective) र प्रभावशाली पनि हुन्छ । तर पनि सेवाकालीन शिक्षा दिनु त्यत्तिकै आवश्यक हुन्छ जसबाट समावेशी शिक्षाबारे शिक्षकहरुले पहिल्यै प्राप्त गरेको सिकाइलाई थप सबलीकरण गर्न सकिन्छ र यसबाट उनीहरुको ज्ञान-सिप अद्यावधिक पनि हुनसक्छ । यसबाट शिक्षकहरुलाई आ-आफ्नो ज्ञान र सीप आदान-प्रदान (sharing) गर्ने मौका प्राप्त हुने र जीवनपर्यन्त सिकाइको महत्व शिक्षकहरुले राम्रोसँग बुझ्ने अनि त्यो प्रक्रियामा सामेल हुँदै जाने कुरा पनि निर्विवाद छ ।
- समावेशी शिक्षाका लागि पूर्व-सेवाकालिन शिक्षक शिक्षा प्रदान गर्नाले यस्तो शिक्षाबारे धेरैभन्दा धेरै शिक्षकहरुले जानकारी हासिल गर्दछन् । त्यसो हुदा यसबाट ठूलो संख्यामा विद्यालयहरु र कक्षाकोठाहरु समावेशी चरित्रका हुनसक्ने अधिक सम्भावना रहन्छ । यसरी हेर्दा सेवाकालिन कार्यक्रमको भन्दा सेवापूर्वको शिक्षक शिक्षाको प्रभाव बढीभन्दा बढी छात्र-शिक्षकहरुमा अझ धेरै सघनतासाथ पुग्नसक्ने सम्भावना ज्यादा रहन्छ ।
- यदि शिक्षकहरु आफ्नो कार्यथलोमा प्रवेश गरेको पहिलो दिनदेखि नै समावेशी शिक्षाको प्रयोग गर्ने अनुभव लिन थाले भने, उनीहरु यसलाई आफ्नो नियमित दायित्व (duty) ठान्दछन् न कि थप बोझ ।
- समावेशी शिक्षाका लागि भविष्यका सम्भावित विद्यालय सञ्चालकहरुलाई राम्रोसँग प्रशिक्षित गर्नाले दीर्घकालिन फाइदाहरु हुन्छन् – जसबाट समावेशी शिक्षाप्रति गहिरो आदर-सम्मान हुन्छ (अर्थात् यसको महत्व बलियोसँग स्थापित हुन्छ)† र विद्यालयहरुमा र समाजमा पनि समावेशिता राम्ररी भिज्न सक्दछ ।

# पैरवी भनेको के हो ?

पैरवीले विभिन्न ठाउँका, विभिन्न दृष्टिकोण र रुचि भएका मानिसहरुलाई एकैसाथ ल्याउँदछ, जसमार्फत् अति खण्डित र नमिल्दो संसारका नियमहरुलाई प्रष्ट देखिने गरी सबैको सामु ल्याउने काम हुन्छ । (Fortun, 2009 : 6) । ३

पैरवी भनेको संगठित कार्यकलापहरुको सँगालो ९कभत० हो जसबाट सरकारका, अन्तर्राष्ट्रिय संस्थाहरुका, निजी क्षेत्रका र नागरिक समाजका नीतिहरु र कार्यकलापहरुमा प्रभाव पार्ने उद्देश्य लिइन्छ अनि त्यसमार्फत बालबालिकाको जीवनमा सकारात्मक परिवर्तनहरु हासिल हुन सक्छन् । ४ (Save the Childtren ले दिएको परिभाषा)

यसलाई विश्लेषण गरी हेर्दा पैरवीलाई हामी यसरी बुझ्न सक्छौं :

- निर्णय गर्ने व्यक्तिहरुलाई प्रभावित गर्ने सुनियोजित (deliberate) प्रक्रिया
- कुनै कारणको पक्षमा केही मामला (case) बनाउने र अन्य व्यक्तिहरुलाई उक्त मामलाको समर्थन गर्न लगाउने कार्य
- सम्भव भएमा निर्णयकर्ताहरु र आम मानिसहरुको एकैसाथ सचेतना बढाउन गरिने प्रयास - जसबाट नीतिमा परिवर्तन र मनोवृत्तिमा परिवर्तन गर्ने कार्यहरु एक-आपसमा सहयोगीसिद्ध हुन सकून् ।
- विकास, परिवर्तन अथवा नीतिहरुको कार्यान्वयनका लागि घच्घच्याउने एक उपाय (साधन)
- समस्या समाधानका लागि वा परिवर्तन ल्याउनका लागि बनाइने कार्यक्रम र रणनीतिहरुलाई सहयोग पुऱ्याउने तरिका । ५

# पैरवीका प्रमुख सिद्धान्तहरू

**पैरवी परिवर्तनका लागि उन्मुख हुन्छ :–** कुनै विशिष्ट परिस्थितिमा र/वा कुनै विशेष सरोकारवालाहरुका लागि प्रष्ट रुपमा देखिने गरी परिवर्तन ल्याउनका निमित्त पैरवी परिलक्षित हुन्छ । यो कुनै नचाहेको परिस्थिति आईलाग्यो भनेर गुनासो गर्ने वा उजूरी गर्ने प्रक्रिया होइन, बरु उक्त परिस्थिति किन र कसरी अन्यायपूर्ण वा बेठीक भयो भनेर मानिसमा चेतना जगाउने कार्य हो । अनि प्रस्टसँग परिभाषित गरिएका परिवर्तनहरुका लागि घच्घच्याउने कार्य पनि हो जसबाट परिस्थिति बढी न्यायपूर्ण वा स्वीकार्य (acceptable) बन्न जान्छ ।

**पैरवीमा ती व्यक्तिहरुसँग सिर्जनात्मक ढंगले संलग्न भई काम गरिन्छ जसलाई हामी प्रभावित गर्न चाहन्छौं :–** पैरवीले खास आवाजहरुलाई वा सरोकारका सवालहरुलाई उठाइदिने मात्र होइन कि परिवर्तन ल्याउनका लागि भूमिका खेल्ने हो, त्यसकारण हामीले चाहेजस्तो परिवर्तन ल्याउनका लागि हामीले ती व्यक्तिहरुसँग सिर्जनात्मक सम्बन्ध (constructive relationship) राख्नु पर्दछ जससँग त्यस्तो परिवर्तनका लागि भूमिका निर्वाह गर्ने ताकत छ । तसर्थ कुटनीति र समझदारी/वार्तालाप/सम्झौताका कुराहरुमा पैरवी आधारित हुनुपर्दछ । प्रभावकारी पैरवीले समस्याहरु औंल्याउनुका साथै सकारात्मक र सिर्जनात्मक रुपले निर्णयकर्ताहरुसँग संलग्न भई काम गर्नतर्फ हामीलाई लैजान्छ ।

पैरवीकर्ताहरुले राम्रा र उपयुक्त काम-कारबाही (वा चलन-प्रचलन)हरुलाई प्रशंसा र प्रचारित पनि गर्दै अब अपनाउनुपर्ने उपाय सम्बन्धमा बाटो औंल्याइ दिनुपर्दछ ।

**पैरवी प्रमाणमा आधारित हुन्छ :–** हामी अपत्यारिला वा स्विकार्न नसकिने कुराहरुलाई प्रचारित गर्न र बढाइ-चढाइ वर्णन गर्न सक्दैनौं/जबसम्म हाम्रो विश्लेषणलाई पर्याप्त तथ्यका आधारमा प्रमाणित गरी देखाउन सक्दैनौं, तबसम्म कुनै नौलो कुरा जसलाई पनि अपत्यारिलो लाग्न सक्छ । जस्तो कि – यदि हामी हाल शिक्षकहरुले विद्यार्थीका विविध आवश्यकताहरुलाई राम्ररी सम्वोधन गर्नका लागि पर्याप्त मात्रामा शिक्षा पाएका छैनन् भन्ने कुरा औंल्याउन चाहन्छौं भने, अनि उनीहरुलाई समावेशी शिक्षा दिलाउने अभिप्रायले पैरवी गर्न पाइला चाल्दछौं भने हामीसँग वर्तमान तालिम कस्तो किसिमको छ भन्ने कुरा राम्रोसँग देखाउन सक्ने प्रमाण हुनै पर्दछ । र यस्तो खालको कार्यक्रमले किन शिक्षकहरुलाई चाहिने सिप र ज्ञान दिन सकेको छैन भन्ने सम्बन्धमा अति स्पष्ट व्याख्या-विश्लेषण हुनै पर्दछ । अनि सम्भावित विकल्पहरु वा उपायहरु के कस्ता हुन सक्छन् भन्ने सम्बन्धमा पनि प्रशस्त प्रमाण हुनुपर्छ अनि मात्र हामी नयाँ उपायलाई प्रस्तावित गर्ने अवस्थामा हुन्छौं । यसको अर्थ हुन्छ उत्कृष्ट अभ्यास (तरिका/प्रचलन) का उदाहरणहरु जम्मा गर्नुपर्दछ जसका सहाराले पैरवीको सन्देश फैलाउन मद्दत पुग्दछ ।

साझेदारी (partnership) मा पैरवी आधारित हुन्छ :– धेरैजसो परिस्थितिहरुमा एकजना मान्छेले आफैंमात्र बोलेर ठूला ठूला परिवर्तन गर्न सकिन्छ भन्नु असम्भव छ । तसर्थ, साझेदारहरु (partners) को परिचालनबाट सम्भव हुने सहकार्यमूलक प्रक्रियाबाट पैरवी अघि बढ्दछ । जस्तो कि व्यक्ति-व्यक्ति मिलेर समूह बनाउछन् अनि त्यो समूहले परिवर्तनका लागि आव्हान गर्नसक्छ । संघ-संस्थाहरु मिलेर कुनै सञ्जाल बनाउन सक्दछन् र उनीहरुको साझा प्रयत्नले तथ्य - प्रमाणहरु जुटाउन सक्छ अनि त्यसमार्फत निर्णयकर्ताहरुसँगको छलफलमा आफ्ना आवाजहरु सबल रुपमा पेश गर्न सजिलो हुन्छ । यस खालको सहकार्यबाट पैरवीकर्ताहरुको आवाज सशक्त हुने मात्र होइन, यसले गर्दा मिलेको र एकै स्वरुपको (coherent & consistent) सन्देश दिन पनि सजिलो हुन्छ । पैरवीमा गरिने यस्ता साझेदारीहरुले यो सुनिश्चित गर्छन् कि निर्णयकर्ताहरुलाई अस्पस्ट पारिदिने वा निर्णयकर्ताले पैरवीकर्ताहरुको कुरालाई महत्व नदिने स्थिति नआओस् र यस खालको अनपेक्षित परिस्थिति निर्माण भई परिवर्तनका लागि गरिएको आव्हान ओझेलमा पर्ने अवस्थाको सिर्जना नहोस् । साथै पैरवीका उद्देश्यहरु, कार्यकलापहरु र सन्देशहरु निर्माण गर्नुपर्दा विभिन्न सरोकारवालाहरुका दृष्टिकोणहरुलाई ध्यानमा राखिने कुरा पनि यस खालको सहकार्यबाट नै सुनिश्चित हुन्छ ।

# प्रभावकारी पैरवीका विशेषताहरू

सामान्यतः निम्न अवस्थामा पैरवी सफल हुन्छ :

- जब सम्बन्धित स्थानीय परिवेशमा पहिल्यैदेखि प्रचलित रहिरहेका सोचाइहरु र प्रचलन-व्यवहारहरुलाई राम्रोसँग बुझेर ती कुराहरुमा आधारित भई पैरवी गरिन्छ (यसभित्र समावेशी शिक्षालाई सघाउ पुऱ्याउने खालका प्रचलित सोचाइ र काम-कारबाहीहरुलाई बुझ्ने र महत्व दिने कुरा पर्दछन् ) – जसबाट यस्तो नयाँ कुरालाई अन्यत्रबाट "आयातित" नमुनाको रुपमा चित्रित गर्ने अवस्था आईपर्ने छैन ।
- जब खास परिस्थिति (जहाँ काम गरिने हो) मा रहिरहेका बाधा-व्यवधानहरुलाई ठोस रुपमा बुझेर यसको कार्यान्वयन गरिन्छ ।
- जब यसको कार्यान्वयनका दौरानमा कस्तो खालको अवरोध आइपर्छ र कहाँबाट यस्तो आइपर्न सक्छ भन्ने बारेमा राम्ररी बुझेर पैरवी सुरु गरिन्छ ।
- जब अल्पकालिन र दीर्घकालिन लक्ष्य एवं योजनाहरु यसअन्तर्गत निर्माण गरिन्छ – जुन योजनाहरु बहुत सुविचारित र सुसंगठित हुन्छन् ।
- जब यस्तो पैरवी तथ्यहरु र प्रमाणहरुमा आधारित हुन्छ, न कि अनुमान र सामान्यीकरण (generalization) मा ।
- जब समस्यालाई उजागर गर्नका निमित्त वा अपेक्षित परिवर्तनलाई छर्लङ्ग पार्नका निमित्त मामला अध्ययन (case study) को सहारा लिइन्छ ।
- जब सैद्धान्तिक तर्कहरुलाई पुष्टि गर्ने व्यावहारिक अनुभवका उदाहरणहरु पाइन्छ र प्रस्तुत गर्न सकिन्छ र जब सरोकारवालाहरुसँग (वा उनीहरुका लागि) भएको कुनै व्यावहारिक कार्यक्रम/कार्यकलापसँग पैरवीको सम्बन्ध स्थापित हुन्छ/गराईन्छ ।
- जब जुन समूहका लागि परिवर्तन आवश्यक पर्ने हो त्यही समूहले पैरवीको प्रक्रियामा सक्रिय भूमिका खेल्दछ र त्यस क्रममा बढी जोडतोडका साथ उक्त कुराहरुलाई उठाउँछ ।
- जब सकारात्मक, संस्कृतिमैत्री र कुटनैतिक सम्वादमार्फत अघि बढ्ने कुरामा जोड दिइन्छ, न कि द्वन्द्व वा वादविवादको शैलीमा ।
- जब विश्वसनीय सूचनामार्फत अरुलाई कुरा गर्नका लागि अथवा गुणस्तरीय कार्यक्रमहरु सञ्चालन गर्नका लागि पैरवीकर्ताहरुको समूह (वा संस्था) ले राम्रोसँग ख्याति (reputation○ कमाएको छ । ६

# प्रत्यक्ष, अप्रत्यक्ष तथा क्षमता विकास सम्बन्धी पैरवी

पैरवीले विभिन्न स्वरुप ग्रहण गर्न सक्छ :

- **प्रत्यक्ष पैरवी :–** यसमा त्यस्ता कार्यहरु पर्दछन् जसका माध्यमबाट पैरवीकर्ताहरुले निर्णयकर्ताहरुसँग प्रत्यक्ष रुपमा वकालत (lobby) गर्छन् । समावेशी शिक्षामा शिक्षकहरुलाई प्रशिक्षित गर्ने मामलामा यस खालको पैरवी गर्दा पैरवीकर्ताहरु शिक्षकसँग सरोकार राख्ने मन्त्रीहरुसँग प्रत्यक्ष सम्वादमा संलग्न हुन्छन् । अथवा, त्यसै गरी शिक्षक शिक्षा प्रदायक संस्थाका प्रशासकहरु (जस्तो कि निर्देशकहरु) र पाठ्यक्रम निर्माताहरुसँग पनि पैरवीकर्ताहरुको सम्वाद हुन सक्छ ।
- **अप्रत्यक्ष पैरवी :–** यसअन्तर्गत त्यस्ता कार्यहरु पर्दछन् जसले निर्णयकर्ताहरुलाई दबाव पर्दछ । जस्तो कि कुनै अभियान (campaign) वा आम सञ्चारको प्रयोगमार्फत यस्तो गर्न सकिन्छ । समावेशी शिक्षामा शिक्षकहरुलाई प्रशिक्षित गर्नका लागि पैरवी गर्दा अपनाउन सकिने कार्यकलापका केही उदाहरण यी हुन सक्छन् :– सम्पूर्ण शिक्षक शिक्षा प्रदायक संस्थाहरुलाई सूचना वितरण गर्नु; वा शिक्षक शिक्षाको वर्तमान स्थितिका बारेमा चिन्तन-मनन प्रस्तुत गर्ने खालका लेखहरु समाचारपत्रमा प्रकाशन गर्नु र त्यसमार्फत् किन र कसरी वर्तमान स्थितिमा परिवर्तन गर्नु जरुरी छ भन्ने कुरालाई बढी महत्वका साथ उठाउनु ।
- **क्षमता विकाससम्बन्धी पैरवी :–** यसले नागरिक समाजलाई सहयोग पुर्‍याउँछ र सरोकारवाला मानिसहरुको सिप-दक्षता र आत्मविश्वास बढाइदिन्छ - ता कि पैरवीका लागि अरुको भर पर्नु भन्दा उनीहरु आफैं परिवर्तनका लागि पैरवी गर्न सुरु गरुन् । समावेशी शिक्षामा शिक्षकहरुलाई प्रशिक्षित गर्नका लागि पैरवी गर्ने सवालमा गर्न सकिने केही कार्यहरु हुन् :– शिक्षकका र विद्यार्थीका संगठनहरुको, सामुदायिक संस्थाहरुको, महिला समूहहरुको, अभिभावक समूहहरुको, विद्यालय व्यवस्थापन समितिहरुको, गैर-सरकारी संस्थाहरु आदिको क्षमता विकास गर्ने – जसबाट उनीहरु शिक्षक शिक्षामा संलग्न हुन सकून् (संस्थागत रुपमा पूर्व-सेवाकालिन तवरमा, अथवा आफ्ना विद्यालयहरुमार्फत् सेवाकालिन तवरमा) । उनीहरुको यस्तो सहभागिता/संलग्नताले प्रचलित शिक्षणको प्रचलन/परिपाटीमाथि गम्भीर ध्यानाकर्षणको लागि शिक्षासँग सम्बन्धित आधिकारीक वर्ग समक्ष अपिल गर्न सक्छ; तालिमका सत्रहरुमा सक्रिय सहभागिताका लागि शिक्षकलाई आव्हान र प्रेरित गर्न सक्छ; अथवा पैरवीकर्ताहरुले पक्षपोषण गरेको सिद्धान्तलाई व्यवहारमा कसरी उतार्न सकिन्छ भन्ने कुराका बारेमा यसमार्फत् आवश्यक सल्लाह-सुझाव प्रदान गर्न सकिन्छ ।

# खास परिस्थितिमा राम्ररी पैरवी गर्नका लागि कसलाई लगाइन्छ ?

पैरवीका सम्बन्धमा विचार गर्दा सबैभन्दा पहिले तपाईंबाटै सुरु गर्नुपर्छ, जो पाठक हुनुहुन्छ । पैरवीमा तपाईं कस्तो भूमिका खेल्न सक्नुहुन्छ ? तपाईंको आफ्नै बारेमा र आफ्नै व्यवहार वा प्रचलनमाथि सोचविचार वा चिन्तन गर्नु राम्रो हुन्छ । आफ्नो यस खालको सोचविचार/चिन्तनलाई निर्देशित गर्नसक्ने केही प्रश्न जो तपाईंको आफ्नै लागि महत्वपूर्ण छन्, यी तल उल्लिखित हुन सक्छन् :

- समावेशी शिक्षाको प्रवर्धनका लागि तपाईं के भूमिका खेल्न सक्नुहुन्छ, र कहाँ, कसरी, कोसँग र के कुराको सम्बन्धमा तपाईं पैरवी गर्न सक्नुहुन्छ? अनि पैरवीका यी विभिन्न पक्षहरुले के महत्व राख्दछन् ?
- तपाईंको वा तपाईं सम्मिलित भएको समूहका लागि के-कस्ता विशिष्ट शैक्षिक मुद्दा वा सन्देशहरु बढी महत्वपूर्ण छन् ? तपाईं र तपाईंको परिवेशमा तिनीहरु किन महत्वपूर्ण छन् ? तीमध्ये कुन-कुन चाहिं पैरवीको क्रममा प्राथमिकतामा राख्नुपर्ने हुन्छ ?
- कोसँग तपाईंले पैरवीको क्रममा सहायताको लागि अनुरोध गर्नुपर्छ? आफ्नो पैरवीको लक्ष्य प्राप्तिमा सहयोगका लागि को-को व्यक्तिहरु, समूहहरु र सञ्चालक आदिलाई प्रयोग/उपयोग गर्न सक्नुहुन्छ ?
- तपाईंको पैरवी गर्ने उद्देश्यलाई सहयोग पुऱ्याउनका लागि के-के साधनहरु, स्रोत-सामग्रीहरु र अवसरहरु उपलब्ध छन् ?

माथि नै उल्लेख गरिसकिएको छ कि, खास/विशिष्ट मामलामा सूचनाहरु प्रसार गर्न वा हस्तक्षेप (intervention) का कार्यक्रमहरु कार्यान्वयन गर्नमा ख्याति प्राप्त गरिसकेका समूहहरु वा संस्था/संगठनहरुमार्फत् पैरवी गरिएमा त्यस्तो पैरवी सफल हुने बढी सम्भावना रहन्छ । तर यसको अर्थ पैरवी त्यही सम्बन्धित क्षेत्रकै विज्ञ/पेशाकर्मीबाट मात्रै गराइनुपर्छ भन्ने चाहिं होइन । शिक्षक शिक्षा सम्बन्धमा जसबाट पनि पैरवी हुन सक्छ (र भएको पनि छ) । जस्तो कि यस्तो पैरवी विद्यालयका विद्यार्थीहरुबाट हुन सक्छ+ शिक्षकबाट र अभिभावकहरुबाट पनि हुन सक्छ, त्यसै गरी गैर-सरकारी संस्थाहरुमार्फत, सामुदायिक समूहहरुमार्फत्, अन्तर्राष्ट्रिय अभियानकर्ताको समूहमार्फत्, दाताहरुमार्फत् (ती देशहरु जहाँ शिक्षक शिक्षाका लागि बाहिरी आर्थिक सहायता पाइन्छ), र उच्च तहका शैक्षिक अधिकारीहरु मार्फत् पनि पैरवी गर्न-गराउन सकिन्छ ।

पैरवीलाई सफल पार्नका लागि सन्तुलित रुपमा विभिन्न व्यक्तिहरुको विचार-परामर्श लिइनुपर्ने हुन्छ । यी व्यक्तिहरु निम्न किसिमका हुन सक्छन् :

- **परिवर्तन गरिनु पर्ने समस्यालाई प्रत्यक्ष रुपमा आफैं भोगिरहेका व्यक्तिहरु :–** जस्तो कि कमजोर गुणस्तरको शिक्षण र विभेदपूर्ण शिक्षणको असर भोगिरहेका विद्यार्थी र उनीहरुका अभिभावकहरु जो स्थानीय विद्यालयमा देखिएको पठन-पाठनको तौर-तरिका मन पराइरहेका छैनन् । अनि त्यस्तै गरी शिक्षकहरु जो विद्यार्थीहरुवीचको विविधता र उनीहरुका अलग-अलग आवश्यकताहरुद्वारा सिर्जित चुनौतीलाई सामना गर्नका लागि आफूहरु राम्ररी तयार भइसकेको अनुभव गर्दैनन् ।

- यी सवालहरुमा जससँग पेशागत अनुभव छ† र सकेसम्म त्यस्ता व्यक्तिहरु जससँग कतिपय चुनौतीहरु पार गर्ने अनुभव पनि छ (जस्तो कि – शिक्षकलाई समावेशी शिक्षाका बारेमा पेसागत सहयोग प्रदान गरेको अनुभव भएका शैक्षिक क्षेत्रका पेसाकर्मीहरु† शिक्षक शिक्षा प्रदायक व्यक्तिहरु† समावेशी व्यवहारको कार्यान्वयन गरिसकेका शिक्षकहरु आदि)
- जससँग पैरवी र सम्वादको अनुभव छ (जस्तो – गैरसरकारी संस्थाहरु जसले देशमा/समाजमा शैक्षिक समानता वा न्यायका लागि काम गरिरहेका छन्)

# पैरवीमा कसलाई विशेष लक्षित गरिन्छ ?


पैरवीका लक्षित व्यक्तिहरु विभिन्न हुन सक्छन् । के-कस्ता व्यक्तिहरुमा पैरवी लक्षित गर्ने भन्ने कुरा तपाईंले कुन हदसम्म परिवर्तन गर्न-गराउन चाहनु भएको हो, तपाईंले तय गरेको पैरवीको उद्देश्य, र तपाईंले काम गरेको ठाउँको सामाजिक-राजनैतिक परिस्थितिमा निर्भर गर्छ । यथार्थमा आधारित हुनु अत्यन्त जरुरी छ । त्यसैले पैरवीमा तपाईंले प्रभावित गर्न खोजेका व्यक्तिको बारेमा मात्रै सोचेर पुग्दैन, बरु विद्यमान परिस्थितिमा कसलाई तपाईंले सजिलैसँग प्रभावित गर्न सक्नुहुन्छ त्यसबारे विचार गर्न आवश्यक हुन्छ । तपाईंको विद्यमान स्थिति (position), क्षमता-सिप, अनुभव, प्रमाणहरुको ज्ञान आदि कुराका आधारमा क-कसलाई प्रभावित गर्न सक्ने र क-कसलाई प्रभावित गर्न नसक्ने भन्ने कुरा निर्भर हुने गर्दछ ।

सामान्यतः पूर्वसेवाकालीन शिक्षक शिक्षामा परिवर्तन ल्याउने अभिप्रायले गरिने पैरवी (जसबाट समावेशी शिक्षामा निमित्त शिक्षकहरुको पंक्ति तयार हुन्छ) निम्नलिखित व्यक्ति वा संस्थाहरुप्रति लक्षित हुन सक्छ :

- शिक्षक शिक्षा वा यसको पाठ्यक्रमसँग सम्बन्धित वा यसको राष्ट्रिय स्तरमा नीति निर्धारण गर्ने र आर्थिक व्यवस्थापनका निर्णयहरु गर्ने तहमा कार्यरत शिक्षा मन्त्रालयका कर्मचारीहरु वा अन्य उपयुक्त अधिकारीहरु ।
- आफ्नो स्थानीय तहमा शिक्षक शिक्षाको सम्बन्धमा निर्णय गर्ने क्षेत्रीय, जिल्ला वा मातहत स्तरका शिक्षासँग सम्बन्धित व्यक्ति/कर्मचारीहरु ।
- विश्वविद्यालयमा कार्यरत प्राज्ञहरु, डीनहरु, पाठ्यक्रम निर्माण समितिका सदस्यहरु जसले शिक्षक शिक्षाका लागि पाठ्यक्रम बनाउँदछन् ।
- शिक्षक शिक्षा प्रदायक संस्थाका प्रमुखहरु ।
- शिक्षक शिक्षा प्रदायक संस्थामा कार्यरत प्रशिक्षकहरु ।
- शिक्षक शिक्षा प्रदान गर्ने सरकारी वा गैर-सरकारी निकायहरु; अथवा ती निकायहरु वा संस्थाहरु जसले आर्थिक सहयोग, सामग्री निर्माण, अन्य प्राविधिक सहायता ईत्यादि मार्फत् शिक्षक शिक्षामा सहयोग गरेका छन् ।
- प्राधानाध्यापकहरु र शिक्षकहरु जससँगः (क) पूर्वसेवाकालीन शिक्षक शिक्षा (र पछिबाट निरन्तरको पेसागत विकास) को एक अंशको रुपमा सिकाउन सकिने व्यवहारिक र विद्यालयमा आधारित ज्ञान र अनुभव छ; (ख) जो आफ्ना विद्यालयमा अब आउने नयाँ शिक्षकहरु अझ बढी तयारी साथ आउन् भन्ने कुरा सुनिश्चित गर्न पूर्वसेवाकालीन शिक्षक शिक्षामा सुधारको माग गर्दछन् ।

- विद्यालय व्यवस्थापन समिति वा बोर्डका सदस्यहरु जो : (क) पूर्वसेवाकालीन शिक्षक शिक्षाको अभ्यास वा त्यससम्बन्धी प्रयोगात्मक कार्यहरुमा सहयोग पुऱ्याउन सक्छन्† र (ख) आफ्ना विद्यालयमा अब आउने नयाँ शिक्षकहरु अझ बढी तयारीसाथ आऊन् भन्ने कुरा सुनिश्चित गर्न पूर्वसेवाकालीन शिक्षक शिक्षामा सुधारको माग गर्न चाहन्छन् ।
- छात्र शिक्षकहरु जसले आफ्नो काम गर्ने कार्यथलोमा जानुअघि राम्रोसँग आफूलाई तयार बनाउने उद्देश्यका निम्ति चाहिने शिक्षाको किसिम र गुणस्तरका बारेमा बढी कुरा जान्नु आवश्यक हुन्छ (जसले गर्दा उनीहरुले शिक्षक शिक्षामा सुधारका निमित्त गरिने आव्हान/अभियानमा सहयोग गर्न सक्छन्) – अनि जो आफ्ना अघिल्लो पिंढीका विद्यार्थीले भन्दा नयाँ किसिमले शिक्षा आर्जन गरेकोमा रतिभर सङ्कोच या डर मान्दैनन् ।

# पैरवी कसरी सुरु गर्ने ?




कुनै परियोजना वा कार्यक्रम लागु गरेजस्तै गरी पैरवीका लागि पनि योजना र तयारीको खाँचो पर्दछ । हाम्रो पहिलो प्रयासमै पैरवीका सम्पूर्ण लक्ष्यहरु प्राप्त भइहाल्ने अवस्था सिर्जना हुन नसक्ने भएकोले गर्दा प्रतिविम्बनको चक्र (reflective cycle) मा पैरवी आधारित हुनुपर्दछ। यसको सुरुवात परिस्थितिको मूल्याङ्कन र समस्याहरु बुझ्ने कार्यबाट हुन्छ, जसमा प्रमाण-तथ्यहरु खोजिन्छ र सरोकारवालाहरुसँग सम्पर्क गरिन्छ । त्यसपछि विश्लेषण गर्ने समय हुन्छ जहाँ पैरवीका उद्देश्यहरु, लक्षित स्रोताहरु (audience), पैरवीको सन्देश तथा माध्यम, समय आदिका बारेमा निर्णय लिइन्छ । यति गरिसकेपछि पैरवीका गतिविधिहरु सञ्चालन हुन्छन् । त्यसपछि उक्त गतिविधिहरुबाट के भयो भन्ने सम्बन्धमा चिन्तन/विचार-विमर्श गर्ने बेला आउँछ । अरु थप पैरवीका लागि योजना बनाउन र कार्यान्वयनमा जानुभन्दा पहिले यस अघिका पैरवीका कार्यकलापबाट उक्त परिस्थितिमा वा विद्यमान समस्यामा आएको परिवर्तनको लेखाजोखा गर्नु आवश्यक हुन्छ ।

**परिस्थितिको मूल्याङ्कन गर्ने :** यो गाइडले परिस्थितिको विश्लेषणका सम्बन्धमा धेरै विस्तृत कुरा उल्लेख गर्दैन तापनि शिक्षक शिक्षाको वर्तमान् स्थिति मूल्याङ्कन गर्दा र समावेशी शिक्षाका लागि शिक्षकहरु के-कति तयार छन् भन्ने मूल्याङ्कन गर्दा निम्नलिखित कुराहरु संकलन गर्नु आवश्यक हुन्छ :

- गुणात्मक र संख्यात्मक आँकडा/तथ्य (qualitative & quantitative data) – जस्तो कि यसमा गुणात्मक तथ्य अन्तर्गत अन्तरवार्तालाई प्रयोग गर्न सकिन्छ। त्यस्तै लक्षित समूह छलफल (focus group discussion), अनि सहभागितात्मक अनुसन्धानका साधनहरुलाई प्रयोगमा ल्याउन सकिन्छ जसमा नाटक, कलात्मक चित्राङ्कन, फोटो खिच्ने, नक्सा बनाउने आदि हुन सक्छ । त्यसै गरी सरोकारवालाहरुसँग गरिने प्रश्नावली वा संस्थाले गर्ने सर्वेक्षण, आदिमार्फत् संख्यात्मक तथ्याङ्क/आँकडा संकलन गर्न सकिन्छ ।
- समस्याहरुबाट पीडित/प्रभावित व्यक्तिहरुका आवाजहरुलगायत विभिन्न सरोकारवालाहरुका दृष्टिकोणहरुसँग सम्बन्धित सूचना लिन सकिन्छ ।
- मामला (घटना) अध्ययन (case study) – जो समस्या देखाउने, हस्तक्षेपमुखी कार्यक्रमहरु (interventions) का उदाहरणहरु र आफूले चाहेको परिणाम देखाउने उदाहरण आदि हुन सक्छन् ।
- सम्बन्धित नीति-नियम वा कानूनका कुराहरु
- त्यही वा त्यस्तै सवालमा पहिले गरिएको वा हाल चालु रहेको पैरवीको कार्य ।

तपाईले आफ्नो पैरवीको कार्यका लागि तयारी गरिरहँदा उत्तर खोज्नुपर्ने प्रश्नहरु सम्बन्धित स्थानीय परिस्थितिअनुसार धेरै खालका हुन सक्छन् । जसमा केही निम्नानुसार छन् :

- शिक्षकको पेसागत स्तरको राष्ट्रिय मापदण्डमा समावेशिताका मुद्दालाई हलगर्न सक्ने क्षमता परेको छ कि छैन ? शिक्षकसम्बन्धी नीतिहरुलाई हेर्दा उनीहरुमा समावेशी शिक्षाको क्षमता विकास हुनुपर्ने आवश्यकता महसुस गरिएको देखिन्छ कि देखिदैन ?
- समावेशी शिक्षाको सिद्धान्त र व्यवहारिक प्रयोगका बारेमा कति शिक्षकहरुले अहिले पूर्व-सेवाकालिन शिक्षक प्रशिक्षण प्राप्त गरेका छन्? कति (संख्यामा) शिक्षकहरुले सेवाकालिन तालिममार्फत् यस खालको समावेशी शिक्षामा प्रशिक्षित हुने अवसर पाएका छन् ?
- शिक्षकका प्रशिक्षकहरु र छात्र शिक्षकहरुको जनसङ्ख्यामा के-कति विविधता (diversity) पाइन्छ ? (लैङ्गिक, जातित्व, अपाङ्गता आदिका दृष्टिले)
- कुन स्वरुपको शिक्षक शिक्षा प्रचलनमा छ ? छोटो/अल्पकालीन हो कि विश्वविद्यालयमा पढाइने कोर्स हो ? अनिवार्य हो कि ऐच्छिक ?
- शिक्षक प्रशिक्षण आफैंमा समावेशी किसिमको छ कि छैन ? यसले शिक्षक प्रशिक्षक र छात्र शिक्षकहरुमा पाइने विविधतालाई सम्वोधन गर्छ कि गर्दैन ?
- तालिम/प्रशिक्षण मध्ये के-कति प्रवचनको रुपमा सञ्चालित हुन्छ र के-कति विद्यालयका कक्षाकोठाहरुमा अभ्यासको रुपमा सञ्चालन गरिन्छ ?
- समावेशी शिक्षाका बारेमा शिक्षकहरु कस्तो अनुभव/अनुभूति गर्दछन् ? उनीहरु आफ्नो क्षमताका बारेमा उदाशीन छन् या केही गर्नका लागि उत्सुक छन् ?
- समावेशी शिक्षामा सफल शिक्षक शिक्षाका कार्यहरु भएका कुनै उदाहरणहरु छन् - जसबाट तपाईं सिक्न सक्नु हुन्छ ?
- शिक्षकका लागि समावेशी शिक्षाको तालिम/प्रशिक्षणका निमित्त पैरवी गर्ने काममा सहायता गर्न चाहने शिक्षकहरु, विद्यालयहरु वा संस्थाहरु छन् कि छैनन् ? यस खालको पैरवीको अभियानमा नमुना भएर यिनले भूमिका खेल्नसक्ने सम्भावना पनि छ कि ?

- शिक्षकहरु वा तिनको शिक्षण कार्यका बारेमा विद्यार्थीहरु र उनका अभिभावकहरु के भन्छन् ? विद्यार्थीहरुमा विविधता रहेको अवस्था सम्बोधन गर्ने गरी शिक्षकहरुलाई तयार पार्न के कुराहरुमा परिवर्तन गर्नुपर्छ भन्ने उनीहरुको धारणा छ ?
- आफ्ना विद्यार्थीहरुसँग समावेशी रुपमा काम गर्नका लागि शिक्षकका प्रशिक्षकहरु कसरी तयार भएका छन् ?

**विश्लेषण :–** यस चरणमा आएर पैरवीका उद्देश्यहरु निर्क्योल गरिन्छ। अल्पकालिन र दीर्घकालीन उद्देश्यहरु निर्धारण गर्न सकिन्छ। या कुनै खास वृहत उद्देश्यलाई सघाउ पुग्ने खालका धेरैवटा उद्देश्यहरुको शृङ्खला पनि बनाउन सकिन्छ । उद्देश्यहरुको वर्गीकरण र प्राथमिकताक्रम निर्धारण गर्दा धेरै सरोकारवालाहरुका सोचाइ र दृष्टिकोणलाई मध्यनजर गर्नुपर्दछ – किनकि वाञ्छित परिवर्तनहरुमध्ये कुनचाहि बढी जरुरी र महत्वपूर्ण छन् भन्ने बारेमा विभिन्न मानिसका विभिन्न खालका धारणा/सोचाइ वा विचारहरु हुन सक्छन् । यस्तो समयविन्दुमा आएर तपाईंले पैरवीका गतिविधिहरुको योजना गर्नुपर्ने हुन्छ – जुन एउटा सहभागितात्मक (participatory) हुन्छ। पैरवीको योजना बनाउँदा विभिन्न व्यक्तिहरुलाई समावेश गरेर तपाईं त्यसमा मानिसहरुको अपनत्व (ownership) स्थापित गर्न सक्नुहुन्छ र त्यसबाट पैरवीका कार्यकलापहरुमा मानिसहरुको बढीभन्दा बढी सिप, अनुभव र समय प्राप्त गर्ने स्थिति हुन सक्छ ।

**कार्यकलाप :–** पैरवीका कार्यकलापहरु पैरवीकर्ताहरुको सिप-क्षमता र अनुभवका साथसाथै स्थानीय परिस्थितिमा र पैरवीको लक्ष्यमा समेत निर्भर रहन्छन् । तसर्थ शिक्षक शिक्षा र समावेशी शिक्षाका लागि पैरवी गर्न तपाईंले के-के कार्यकलाप गर्नुपर्छ भनेर कार्यसूची निर्धारित गरिदिन हामी सक्दैनौं । तापनि यसपछि प्राप्त हुने ४ ओटा पैरवी गाइड पुस्तिकाहरुमार्फत् तपाईंले सम्वोधन गर्नुपर्ने शिक्षक शिक्षासम्बन्धी समस्यासँग जोडिएका सम्भावित पैरवीका सन्देशहरु (messages) निर्धारण गर्नका लागि हामी बाटो देखाइदिन्छौं । साथै हामी सफल पैरवी गर्नाले के-के परिवर्तन आउँछ र उक्त परिवर्तन कस्तो हुन्छ भन्ने कुरामा सोचाइ/दृष्टिकोण पनि बताइदिन्छौं ।

# पैरवीको सन्देश (message) लाई कसरी प्रस्तुत गर्ने ?

पैरवीका सन्देशहरुलाई तपाईंले असीमित तौर-तरिकाहरुबाट प्रस्तुत गर्न सक्नुहुन्छ। तापनि कुन तरिकाबाट प्रस्तुत गर्ने भन्ने निर्णय गर्दा ख्याल राख्नुपर्ने महत्वपूर्ण कुरा के छ भने – तपाईंले छनोट गर्नुभएको माध्यम र सन्देश मिल्दोजुल्दो हुनुपर्छ र लक्षित श्रोतावर्गका लागि पनि सुहाउँदो हुनुपर्छ ।

तपाईंले छनोट गर्न सक्नुहुन्छ :–

- अन्तरवैयक्तिक विधिहरु (interpersonal methods) :– बैठकहरु, कार्यशालाहरु, सम्मेलनहरु, फोनमार्फत, गोलमेच छलफलहरु, समन्वयात्मक अभियानहरु (coordinated campaigns) – जस्तो कि चिठी लेखेर, मार्च/पैदल यात्रा, अहिंसात्मक/हतियारविहीन विरोध कार्यक्रम आदि ।
- लोकप्रिय आम सञ्चार माध्यम :– समाचारपत्र, रेडियो, टेलिभिजन, स्थानीय काम-कारबाही (local performances), लिफलेट (leaflet) वा पर्चा, पोस्टर, जर्नल प्रकाशन, पुस्तक (सिंगै वा अध्याय)† वेवसाइट, अनलाइन सामाजिक सञ्जाल, आदि ।

कसरी आफ्नो पैरवीलाई प्रस्तुत गर्ने वा सञ्चालन गर्ने भन्ने बारेमा पनि तपाईंले विचार गर्नु आवश्यक छ । यदि तपाईंले आफ्नो सम्पूर्ण श्रमशक्ति केवल पैरवीको सन्देश निर्माण गर्न र सामग्री बनाउन मात्र लगाउनु हुन्छ तर लक्षित स्रोता वीचमा उक्त सन्देशहरु पुऱ्याउने बारेमा पर्याप्त ध्यान पुऱ्याउनु हुन्न भने तपाईंको पैरवीले लक्षित श्रोतामा कुनै प्रभाव पार्न सक्दैन । यदि आफ्नो कुरामा सहयोगका लागि अन्य धेरै व्यक्तिहरुको ध्यान आकर्षण गर्न चाहनुहुन्छ भने तपाईंले आफ्नो पैरवीको सन्देशलाई फैलाउनको निमित्त ठूलै महत्वको कार्यक्रम (high profile event) को आयोजना गर्नु राम्रो हुन्छ, अथवा आफ्नो कुरामा आम मानिसको ध्यानाकर्षणका लागि सामग्रीहरुको वितरण गर्नुपर्ने हुन्छ । अथवा स्थितिअनुसार अलि बढी छिन्नभिन्न ९मष्कअचभभत० स्वरुपको कार्यक्रममार्फत पैरवी गर्न पनि सकिन्छ जहाँ तपाईं आफ्नो श्रोतामाझ शान्त रुपमा र सुदृढ रुपमा प्रत्यक्ष सम्पर्कको माध्यमबाट उनीहरुलाई बाहिर अरुले देख्ने स्थितिमा नल्याइकनै पनि आफ्नो कुरा सुनाउन सक्नुहुन्छ ।

तपाईंले पैरवीको सन्देशलाई प्रसारित या प्रस्तुत गर्दाखेरि समावेशी शिक्षासँग सम्बन्धित अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरुलाई पनि सन्दर्भको रुपमा प्रयोग गर्न सक्नु हुन्छ । यससम्बन्धी अन्तर्राष्ट्रिय कानुनी प्रबन्धहरुको सूची तल दिइएको छ ।

| शीर्षक | समावेशी शिक्षासँग सम्बन्धित प्रमुख कुराहरू |
|---|---|
| शिक्षामा भेदभावविरुद्धको महासन्धि (सन् १९६०) | यस महासन्धिले शैक्षिक अवसरमा समानताको मान्यता आधारभूत रुपमा निर्धारण गरेको छ। यसले शिक्षाका सबै पक्षमा हुने भेदभावलाई रोक्छ र सबैका लागि गुणस्तरीय शिक्षा उपलब्ध गराउनुपर्छ भन्ने कुरामा जोड दिन्छ। |
| आर्थिक, सामाजिक र सांस्कृतिक हकसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (१९६६) | यस अभिसन्धिको धारा १३ मा सबैलाई शिक्षा प्राप्त गर्ने अधिकार दिइएको छ। यसले जोड दिएअनुसार स्वतन्त्र समाजमा प्रभावकारी रुपले सहभागी हुनसक्ने गरी शिक्षाले सबै व्यक्तिलाई सक्षम बनाउनुपर्छ। |
| नागरिक तथा राजनैतिक हक सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (१९६६) | यस अभिसन्धिले धारा १८ मा बाबुआमाको आफ्नै विवेक वा छनोटमा आफ्ना बालबच्चालाई धार्मिक र नैतिक शिक्षा दिने स्वतन्त्रताको सम्मान गर्नुपर्छ भन्दछ। |
| सबै खालका जातिगत विभेद हटाउने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (१९६५) | यस महासन्धिको धारा ७ मा भनिएको छ – विशेष गरी शिक्षा, शिक्षण, संस्कृति र सूचनामा जातिय विभेद वा पूर्वाग्रहलाई प्रश्रय दिने खालका कुनै पनि कुराहरुको बिरुद्ध लड्नुपर्ने उल्लेख गरिएको छ। |
| महिलाविरुद्ध हुने सबै खालका विभेदहरु अन्त्य गर्ने सम्बन्धमा गरिएको महासन्धि (१९७९) | यस महासन्धिले पुरुष र महिलाको बराबर हक-अधिकार स्थापित गर्छ र धारा १० मा शिक्षा क्षेत्रमा यस खालको विभेद अन्त्य गर्ने उपायको अवलम्बन गर्नुपर्ने कुरामा जोड दिइएको छ। |
| स्वतन्त्र राष्ट्रमा बसोवास गर्ने पिछडिएका जनजाति र आदिवासीसम्बन्धी महासन्धि (१९८९) | यस महासन्धिले धारा २७ मा व्यवस्था गरेअनुसार शिक्षासम्बन्धी कार्यक्रमहरुको निर्माण र कार्यान्वयन गर्दा पिछडिएका जनजाति र आदिवासीहरुको सहभागिता सुनिश्चित गर्नुपर्ने कुरा उल्लेख छ। यसैको धारा २८ मा भएको प्रबन्धअनुसार यस्ता समुदायका बालबालिकालाई उनीहरुको आफ्नै मातृभाषामा पढ्ने-लेख्ने व्यवस्था गरिनुपर्ने भनिएको छ। |
| बाल अधिकार सम्बन्धी महासन्धि (१९८९) | धारा २८ मा यस महासन्धिले प्रत्येक बच्चाको अधिकारलाई सुनिश्चित गरेको छ जसअनुसार “सबै व्यवहारमा बच्चाको प्रमुख अभिरुचिलाई प्राथमिकतासाथ ध्यान दिनुपर्दछ।” |

| शीर्षक | समावेशी शिक्षासँग सम्बन्धित प्रमुख कुराहरू |
|---|---|
| सम्पूर्ण आप्रवासी कामदारहरु र उनका परिवारका सदस्यहरुको अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (१९९०) | यस महासन्धिको धारा ३० मा भएको व्यवस्था अनुसार "समानताको आधारमा सम्बन्धित राज्यका नागरिकहरुलाई व्यवहार गरेजस्तै गरी" आप्रवासी कामदारका प्रत्येक बच्चाबच्चीलाई पनि शिक्षा प्राप्त गर्ने हक हुनेछ । यही महासन्धीको धारा ४५ अनुसार पनि त्यस्ता बालबालिकाहरुलाई उनीहरुको मातृभाषामा शिक्षा दिनुपर्ने कुरा उल्लेख छ । |
| निकृष्ट खालको बाल श्रम नियन्त्रण र उन्मूलनका लागि तत्काल कारवाही गर्ने सम्बन्धमा भएको महासन्धि (१९९९) | यस महासन्धिले धारा ७ मा व्यवस्था गरे अनुसार निकृष्ट स्तरको बाल श्रमबाट सबै बालबालिकाहरुलाई मुक्त गर्नुपर्ने र तिनलाई निशुल्क रुपमा आधारभूत शिक्षा र व्यावसायिक तालिमको व्यवस्था सुनिश्चित गर्नका लागि कदम चाल्नुपर्ने उल्लेख छ । |
| अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धि (२००६) | यस महासन्धिको २४ औं धारामा भनिएको छ कि अपाङ्गता भएका व्यक्तिहरुलाई शिक्षाको अधिकार सुनिश्चित गरिनुपर्छ । साथै उक्त धाराले समावेशी शिक्षा प्रणाली सुनिश्चित गरिनु पर्ने कुरालाई पनि जोड दिएको छ । |

# पैरवीले काम गरे-नगरेको कसरी थाहा पाउने ?

कुनै पनि परियोजना या कार्यक्रममा जस्तै गरी तपाईंले गरेको पैरवीको कामबाट कुनै नतिजा प्राप्त हुँदै छ कि छैन भन्ने सम्बन्धमा तपाईं स्वयंले जानकारी राख्नु आवश्यक हुन्छ। तसर्थ, पैरवीको योजना बनाउँदा र उद्देश्य निर्धारण गर्दा पैरवी प्रक्रिया र परिणामको मापन-मूल्याङ्कनका लागि सूचकहरु (indicators) निर्धारण गर्ने बेलामा तपाईंले विशेष विचार पुऱ्याउनुपर्दछ र कसरी तिनको मापन गर्ने भन्ने सम्बन्धमा ध्यान दिनुपर्दछ। यसरी सूचक निर्धारण र मापन गर्ने प्रक्रियामा पनि सम्बन्धित सरोकारवालाहरुलाई समेत राखेर सहभागितात्मक विधिबाट कार्य गर्नुपर्दछ।

उदाहरणका लागि के-कति संख्यामा पर्चाहरु (leaflets) बाँडिए, रेडियोबाट प्रसारित छलफल (वा संवाद) कति मानिसहरुले सुने, कुनै प्रस्तावित बैठकहरु वा छलफलहरुको आयोजना भयो कि भएन, र क-कसले त्यो कार्यक्रममा सहभागिता जनाए, आदि कुराहरुलाई तपाईंले सञ्चालन गरेको पैरवी प्रक्रियाको मूल्याङ्कनका लागि सूचकको रुपमा लिन सकिन्छ।

पैरवीको प्रभाववारे मूल्याङ्कन गर्ने सूचकहरुले लक्षित समूहका मानिसको सोचाइ/मनोवृत्ति या व्यवहार-प्रचलनमा आएका परिवर्तनहरुको मापन-मूल्याङ्कन गर्दछन् (जो प्रश्नावलीका आधारमा संख्यात्मक विधिबाट या लक्षित समूह छलफल/FGD र अन्तरवार्ताहरुका आधारमा गुणात्मक विधिबाट सम्भव हुन सक्छ) । साथै पैरवीको प्रभावलाई प्रचलित संयन्त्रकै माध्यमबाट पनि लक्षित समूहका व्यवहार - प्रचलनहरुको अनुगमनमार्फत मुल्याङ्कन गर्न सकिन्छ (जस्तो कि – सरकारी अभिलेख या माइन्युटको अध्ययन गरेर समावेशी शिक्षाबारे मन्त्रालयका कर्मचारीहरुले वा कुनै तल्लो निकायमा कार्यरत व्यक्तिहरुले कुरा उठाएको - नउठाएको सम्बन्धमा जानकारी लिन सकिन्छ । यदि यस्तो कुरामा छलफल भएको भए कतिपटक भयो र के-कस्ता भनाइहरु आए भन्ने सम्बन्धमा जानकारी लिन सकिन्छ)

यी कुराहरु हुँदाहुँदै पनि, के कुरा बिर्सन हुदैन भने, कुनै खास परिवर्तन (यदि त्यस्तो परिवर्तन भएको खण्डमा) विशेष पैरवी कार्य कै मात्र प्रतिफल हो र अन्य कुनै कारण त्यसमा सहायक थिएन भन्ने निष्कर्षमा पुग्नु अत्यन्त अप्ठ्यारो कुरा हो। एउटा खास पैरवीको परिणामले भ्वाट्ट कुनै परिवर्तन ल्याइहाल्ने स्थिति बिरलै हुन्छ। बरु विभिन्न पैरवीकर्ताहरुबाट केही समयको अन्तरालमा लक्षित समूहमा दिइएका बहु-सन्देशहरु (multiple messages) को परिणाम स्वरुप नै परिवर्तन आउन सम्भव हुन्छ। त्यसकारण विशुद्ध तपाईं आफैंले मात्र सञ्चालन गरेको पैरवीको प्रभावकारिताको मापनका लागि सूचकहरु (indicators) निर्धारण गर्नु अत्यन्त चुनौतीपूर्ण कार्य हो।

# 'समावेशी शिक्षक शिक्षाको प्रवर्धन' शृङ्खलाभित्र ५ वटा पैरवी निर्देशिकाहरू छन् ।

## पैरवी गाइड १ : परिचय

यसमा उल्लिखित परिचयात्मक सामग्रीले पैरवी निर्देशिकाहरुको सान्दर्भिक परिचय गराउँदछ, र तिनको निर्माण सम्बन्धमा पृष्ठभूमि बताउँदछ । यसले समावेशी शिक्षाको परिचय गराउँछ र के गर्दा प्रभावकारी पैरवी हुनसक्छ, कसले यस्तो पैरवी गर्नसक्छ अनि कसरी पैरवी गर्न सकिन्छ भन्ने कुराहरुलाई समेट्दछ । यस परिचयात्मक पुस्तिकाले नीति, पाठ्यक्रम, सामग्री र विधि सम्बन्धमा बनेका निर्देशिका पुस्तिकाहरुको बारेमा पनि समग्रमा जानकारी दिन्छ ।

## पैरवी गाइड २ : नीति

यस पैरवी निर्देशिकाले शिक्षक शिक्षासम्बन्धी नीतिमा रहेका चुनौती तथा बाधक तत्वहरुमा ध्यानाकर्षण गराउँदछ । यसले शिक्षक शिक्षा प्रदायक संस्थाहरुका लागि र शिक्षा मन्त्रालयजस्ता निकायहरुलगायत शिक्षासँग सम्बन्धित अन्य सरोकारवालाहरुका लागि समावेशी नीतिको पक्षपोषण गर्नका साथै यस्तो नीतिको अवलम्बन र कार्यान्वयनमा सघाउने मनसायले त्यस दिशामा उपयोगी हुनसक्ने रणनीतिहरु र समस्या समाधानका उपायहरु प्रदान गर्दछ ।

## पैरवी गाइड ३ : पाठ्यक्रम

यस पैरवी निर्देशिकाले पूर्वसेवाकालीन शिक्षक शिक्षा पाठ्यक्रममा रहेका चुनौती र बाधा-अड्चन हरुका बारेमा चर्चा गर्दछ । यसले शिक्षक शिक्षा प्रदायक संस्थाहरुका लागि, शिक्षा मन्त्रालयका लागि र शिक्षासँग सम्बन्धित अन्य सरोकारवालाहरुका लागि, समावेशी पाठ्यक्रमको मान्यता अवलम्बन गर्नका साथै यस्तो पाठ्यक्रमको निर्माण र कार्यान्वयन गर्न सघाउ पुऱ्याउने अभिप्रायले उक्त कार्यहरुमा उपयोगी हुनसक्ने रणनीतिहरु र समस्या समाधानका उपायहरु प्रस्तुत गर्दछ ।

## पैरवी गाइड ४ : सामग्रीहरु

यस पैरवी निर्देशिकाले शिक्षक शिक्षामा प्रयोग हुने शिक्षण-सिकाइका सामग्रीहरुमा रहेका चुनौति र बाधा-अड्चनहरुमा प्रकाश पार्दछ । यसले शिक्षक शिक्षा प्रदायक संस्थाहरुका लागि, शिक्षा मन्त्रालयका लागि र शिक्षासँग सम्बन्धित अन्य सरोकारवालाहरुका लागि समावेशी पठन-पाठन सामग्रीको मान्यता अवलम्बन गर्नका साथै यस्ता पठन-पाठन सामग्रीहरुको निर्माण र कार्यान्वयन गर्न सघाउ पुऱ्याउने अभिप्रायले उक्त कार्यहरुमा उपयोगी हुसक्ने रणनीति र समस्या समाधानका उपायहरु प्रस्तुत गर्दछ ।

## पैरवी गाइड ५ : विधि

यस पैरवी निर्देशिकाले शिक्षक शिक्षा प्रदायक संस्थामा प्रचलित शिक्षण विधिमा रहेका चुनौती र बाधाहरुमा जोड दिन्छ । यसले शिक्षक शिक्षा प्रदायक संस्थाहरुका लागि, शिक्षा मन्त्रालयका लागि र शिक्षासँग सम्बन्धित अन्य सरोकारवालहरुका लागि, समावेशी शिक्षण विधिको मान्यता अवलम्बन गर्नका साथै यस खालको शिक्षण पद्धतिबाट निर्देशित भएर शिक्षण विधिहरुको प्रयोग गर्न-गराउनका लागि उपयोगी हुनसक्ने रणनीतिहरु र समस्या समाधानका उपायहरु प्रस्तुत गर्दछ ।

| | |
|---|---|
| **UNESCO**<br>यूनेस्को राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक सांस्कृतिक संगठन | युनेस्को बैंकक<br>शिक्षाका लागि एसिया - प्रशान्त क्षेत्रीय ब्युरो बैंकक १०११०, थाइलैंन्ड |

FOOT NOTE - 1

1. Braslavsky,C. 1999. Cited in "interregional discussions around inclusive curriculum and teachers in light of the 48th International Conference on Education. Ref 2011.5".2008. Geneva, UNESCO-IBE.
2. Booth, T. and Dyssegard, B. 2008. Quality is Not Enough - the contribution of inclusive values to the development of EFA. Copenhagen, Danish Ministry of Foreign Affairs/DANIDA.
3. fortune, K. 2001. Advocacy after Bhopal: Environmentalism, Disaster, New Global Orders. Chicago, University of Chicago Press.
4. Definition used by Save the Children: www.savethe children.net/advocacy. (Accessed 10 March 2013.)
5. IPPF. 2007. Taking Action to End Child Marriage: A Guide for Programmers and Activists. London, International Planned Parenthood Federation, P. 19.
6. This list includes ideas from: IPPF. 2007. Taking Action to End Child Marriage: A Guide for Programmers and Activists. London, International Planned Parenthood Federation, P. 20.
7. The advocacy cycle is similar to the action research cycle and other reflective cycles - it highlights the importance of advocacy as being an ongoing, reflective process.

United Nations
Educational, Scientific and
Cultural Organization

**UNESCO Bangkok**
Asia and Pacific Regional Bureau for Education

Mom Luang Pin Malakul Centenary Building
920 Sukhumvit Road, Prakanong, Klongtoey
Bangkok 10110, Thailand
E-mail: appeal.bgk@unesco.org
Website: www.unesco.org/bangkok
Tel: +66-2-3910577 Fax: +66-2-3910866